नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष १ | अंक ३२४ | २०८० साल असोज १८ गते बिहीबार | Thursday 05, October 2023 | सूर्योदय: बिहान ५:५८ बजे | सूर्यास्त: साँझ ५:४९ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## मधेशमा फेरि मन्त्रालय फुटाउने तयारी

# जनमत भन्छ, 'हाम्रो फुटाए सरकार छाड्छौं'

'मधेशमा अहिले १४ जना मन्त्री छन्, संविधान अनुसार २१ जना रहन सक्छन् । तर, यति ठूलो मन्त्रिपरिषद् व्यवहारिक पनि नहुने र खर्चभार पनि बढ्ने भएकोले कम गरेको हो ।' '६ वटा दल सम्मिलित गठबन्धनले सरकार चलाइरहेको छ । सबैलाई मिलाएर जानैपर्ने बाध्यता हो । त्यसैले मन्त्रालय फुटाउनु परेको हो तर यसलाई हाम्रो बाध्यता रहेको भनेर बुझ्नुस् ।'




**सुरेश यादव**
**जनकपुरधाम ।**
मधेश प्रदेशमा मन्त्रिपरिषद्को आकार अझै बढाउने तयारी भइरहेको छ । आधा दर्जन दल सहभागी रहेको सरकारमा सबैलाई भागबण्डा मिलाउन अहिलेकै मन्त्रालय संख्या अपुग भएपछि फेरि पनि मन्त्रालय फुटाउन बाध्य भएको सत्ता गठबन्धनका एक जना नेताले जानकारी दिए ।

'कुनै पनि दलले एक्लै बहुमत प्राप्त गरेको अवस्था छैन । यस्तो परिस्थितिमा धेरैभन्दा धेरै दललाई चित्त बुझ्नेगरी भागबण्डा मिलाउनुको पनि विकल्प नरहेको बाध्यता हो' ती नेताले मधेशदृष्टिसँग भने, 'त्यसैले मन्त्रालय फुटाउनु परिरहेको छ ।' उनले थप प्रष्ट्याउँदै भने, 'ठूलो मन्त्रिपरिषद् बनाउने र धेरै मन्त्री बनाइराख्ने हाम्रो शोख होइन, बाध्यता हो ।'

मुख्यमन्त्री सरोज कुमार यादव निजी कामको सिलसिलामा भारत तर्फ गएका छन् । उनको अनुपस्थितिमा कार्यवाहक मुख्यमन्त्री समेत रहेका भौतिक पूर्वाधार विकास मन्त्री कृष्ण प्रसाद यादवले भने फेरि पनि मन्त्रालय फुटाउने विषयमा अनभिज्ञता प्रकट गरे । 'हिजो बसेको मन्त्रिपरिषद्को बैठकमा मन्त्रालय फुटाउने विषयमा कसैले केही बोलेको मैले सुनेको छैन'

कार्यवाहक मुख्यमन्त्री यादवले भने, 'तपाईले कहाँबाट यो खबर पाउनुभयो मलाई थाहा भएन तर यसको वारेमा उपेन्द्र यादवजीसँग सोध्नुस्, मधेशको गठबन्धनको जिम्मेवारी प्रचण्डजीले उहाँलाई नै दिनुभएको छ ।'

मधेशमा जनता समाजवादी पार्टी (जसपा) को नेतृत्वमा सरकार छ । संघमा माओवादीले र मधेशमा जसपाले नेतृत्व गरिरहेको अवस्था हो । प्रदेशको मन्त्रालय फेरि फुटाउने विषयमा प्रतिक्रिया लिन खोज्दा जसपा अध्यक्ष उपेन्द्र यादवसँग सम्पर्क हुन सकेन ।

जसपा केन्द्रीय कमिटीका प्रवक्ता समेत रहेका मधेश प्रदेशसभा सदस्य मनिष कुमार सुमनले मन्त्रालय फुटाउन लागिएको विषय सही रहेको पुष्टि गरे । उनले भने, '६ वटा दल सम्मिलित गठबन्धनले सरकार चलाइरहेको छ । सबैलाई मिलाएर जानैपर्ने बाध्यता हो । त्यसैले मन्त्रालय फुटाउनु परेको हो तर यसलाई हाम्रो बाध्यता रहेको भनेर बुझ्नुस् ।'

मन्त्रालय फुटाउन लागिएको भएपनि कुन मन्त्रालय फुटाउने भन्ने विषयमा टुंगो लागिनसकेको सुमनले बताए । जनमत पार्टीका एक जना प्रदेश सांसदले भने शिक्षा तथा समाज कल्याण मन्त्रालय फुटाउने तयारीमा मुख्यमन्त्री लागेको जानकारी दिए ।

'जनमतसँग पहिला पनि गठबन्धनले गलत व्यवहार गरेको छ । अहिले फेरि जनमतकै मन्त्री रहेको मन्त्रालय फुटाउन लागेको सुन्दैछु' ती सांसदले भने, 'मन्त्रालय फुटाउने तयारी भित्रभित्रै पुरा भइसकेको सुन्दैछु तर अहिलेसम्म हामीसँग यसबारेमा छलफल भएको छैन ।' उनले शिक्षा तथा समाज कल्याण मन्त्रालय फुटाइए जनमतले सरकार छोड्ने मनस्थिति बनाइसकेको बताए ।

जसपाका पार्टी प्रवक्ता समेत रहेका प्रदेश सांसद सुमनले भने एउटा मन्त्रालय फुटाउनै पर्ने अवस्था रहेको प्रष्ट्याउँदै कुन मन्त्रालय फुटाउने भन्ने सन्दर्भमा भने कुनै निर्णय नभएको बताए । उनले भने, 'एउटै सरकारमा धेरै दल भएपछि सबैको चित्त बुझाउनैपर्छ । कसैले कुनै विषयलाई लिएर सरकार छोड्छु भन्छन् भने त्यो उसको स्वतन्त्रता हो ।' सरकारमा रहने र छोड्ने अधिकार सबै दलसँग रहेको उनले दोहोर्याए ।

सुरुमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत सात मन्त्रालय थियो । अहिले मन्त्रालयकै संख्या १२ पुगिसकेको छ । फेरि पनि मन्त्रालय फुटाइयो भने मन्त्रालयको संख्या १३ र मन्त्रीको संख्या १४ देखि १५ सम्म पुग्ने देखिन्छ । अहिले एक जना मुख्यमन्त्री, ११ जना मन्त्री र २ जना राज्य मन्त्री छन् । सुरिता साहलाई मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बस्ने व्यवस्था मिलाइएको छ । अब थप गर्न लागिएको मन्त्रालयमा साहलाई नै जिम्मा दिए मन्त्रीको संख्या यथावत रही मन्त्रालयको संख्या थपिन्छ भने मन्त्रालयसँगै नयाँ मन्त्री समेत बनाए मन्त्री र मन्त्रालय दुवैको संख्या थपिने छ ।

प्रदेश सरकारका कानुनी सल्लाहकार मुख्य न्यायाधिवक्ता विरेन्द्र ठाकुरले एउटा मात्रै नभएर अझै सात जना मन्त्री थप गर्दा पनि संविधान विपरित नहुने बताउँछन् । 'संविधानले प्रदेशसभा सदस्य संख्याको २० प्रतिशतले आउने जति संख्यामा मन्त्री राख्न पाउने व्यवस्था गरेको छ' मुख्य न्यायाधिवक्ता ठाकुरले भने, 'मधेशमा अहिले १४ जना मन्त्री छन्, संविधान अनुसार २१ जना रहन सक्छन् । तर, यति ठूलो मन्त्रिपरिषद् व्यवहारिक पनि नहुने र खर्चभार पनि बढ्ने भएकोले कम गरेको हो ।'

मुख्य न्यायाधिवक्ता ठाकुरले सुरिता साहकै लागि मन्त्रालय फुटाउन लागिएको संकेत गरे । 'मन्त्रालय फुटाउने विषयमा मलाई थाहा भएन । तर, फुटाएर मन्त्रालयको संख्या थपिए पनि मन्त्रीको संख्या थपिदैन । कुनै छुटपुटमा रहेको जिम्मेबारीबाट बञ्चित मन्त्री छन् भने उनलाई व्यवस्थापनका लागि मन्त्रालयको संख्या थप्न सकिन्छ' ठाकुरले भने ।

## सामाजिक सद्भाव खल्बलिन नदिउँः नेपाल



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेकपा एकीकृत समाजवादीका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले सामाजिक सद्भाव खलबलिने काममा नलाग्न सबैलाई अपिल गरेका छन् ।

समाजवादी प्रेस सङ्गठन मधेश प्रदेशले जनकपुरमा गरेको पत्रकार सम्मेलनमा अध्यक्ष नेपालले अशान्ति मच्चाउने मनसायले देशका विभिन्न भूभागमा सामाजिक सद्भाव प्रतिकुलका क्रियाकलाप भइरहेकामा चिन्ता व्यक्त गरे ।

'सामाजिक सद्भाव खल्बल्याउने मनासायले विभिन्न धर्म, सम्प्रदाय र परम्पराका नाममा फाटो ल्याउने काम भइरहेका छन्,' उनले भने, 'धरान, सर्लाहीको मलङ्गवा र नेपालगंजमा त्यही मनसायका साथ भइरहेका क्रियाकलापले हामीलाई चिन्तित बनाएको छ ।' अध्यक्ष नेपालले यी कदमहरू जुनसुकै नाममा र आवरणमा भए पनि सदियौँदेखि मिलेर बसेको समाज र नेपालको संविधानको मर्मविरुद्ध रहेको बताए । एकता खल्बल्याउने र प्रतिगमनलाई प्रश्रय दिने काम हुन थालेको भन्दै नेपालले सबै नेपाली एक हौँ भन्ने भावनाका साथ मिलेर बस्न अपिल गरे ।

पार्टीले सञ्चालन गरेको 'समाजवादी जागरण अभियान–२०८०' का क्रममा जनकपुरधाम आइपुगेका अध्यक्ष नेपालले विभिन्न नाममा देखिन थालेका निराशा एवम् आक्रोश सम्बोधन गर्न समाजवादी नीति, कार्यक्रम, योजना, बजेट र क्रियाकलापको विकल्प नरहेको बताए । राजनीतिक क्रान्ति सफल भए पनि आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरण गर्न बाँकी रहेको उल्लेख गर्दै उनले समाजवादका मूल्य, मान्यतालाई आत्मसात गर्दै नेपालको संविधानमा सहमतिका साथ लिपिबद्ध गरेको प्रतिबद्धताप्रति सबै इमान्दार बन्नुपर्ने धारणा राखे ।

'राजनीतिक परिवर्तन त भयो, तर देशको आवश्यकता र जनचाहना सम्बोधन गर्न आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणका समाजवादी नीति, कार्यक्रम दिनसकिएको छैन,' उनले भने, 'पर्याप्त रोजगारी र सुशासनमार्फत समृद्धि हासिल गर्ने कुरामा हामी चुकिरहेका छौँ, सबैका लागि राज्य भन्ने मान्यतालाई स्थापित गर्न धेरै काम गर्नुपर्ने छ ।' उनले सही राजनीतिक दृष्टिकोण र विचारले मात्रै समकालीन समस्याबाट निकास दिनसक्ने बताए । सबै राजनीतिक दल र परिवर्तन पक्षधरलाई वर्तमान निराशालाई चिर्ने गरी काम गर्न नेपालले आग्रह गरे ।

अध्यक्ष नेपालले नेपाली कांग्रेसबिनाको सरकार कल्पना गर्न नसकिने भन्दै वर्तमान गठबन्धनले सहमतिका आधारमा आफ्नो कार्यभार पूरा गर्नेसमेत स्पष्ट पारे । 'वर्तमान सरकारले राम्रा काम गर्न खोजे पनि पर्याप्त भएन, त्यसैकारण सरकारलाई दबाब, सुझाव र सहयोग गरी अगाडि बढ्न सबैले इमान्दार प्रयत्न गर्न जरुरी छ, त्यसमा हाम्रो पार्टी प्रतिबद्ध छ,' उनले भने ।



एकीकृत समाजवादीले असोज १४ गतेदेखि झापाको मेचीनगरबाट 'समाजवादी जागरण अभियान–२०८०' सुरु गरेको छ । अभियान असोज २९ गते कञ्चनपुर पुगेर समाप्त हुने छ । 'रोजगारी, समृद्धि र सुशासन'को नाराका साथ सुरु भएको अभियानका क्रममा पूर्वमेचीबाट पश्चिम महाकालीसम्म पुगेर समृद्धि र समाजवादका बारेमा जागरण ल्याउने अभिप्राय रहेको अध्यक्ष नेपालको भनाइ छ ।

जागरण अभियान अन्तर्गत बुधबार जनकपुरधाममा कार्यकर्ता भेला, महोत्तरीको मटिहानी र जलेश्वरमा कार्यकम गर्दै बर्दिबास हुँदै सर्लाही पुगेको थियो । सर्लाहीमा भएको कार्यक्रमपछि टोली रौतहटका चन्द्पुर पुगेको छ । बिहीबार बारा, पर्सा र रौतहटका कार्यक्रम हुने बताइएको छ ।

## 'चाडबाडका बेला सद्भाव भड्काउने प्रयास रोकौँ'

*भारतमा चुनाव नजिकिएकाले सीमा क्षेत्रमा तनाव बढ्न सक्ने तथा अवैध ओसारपसार र भारतीय गाडीको प्रयोगले समेत सुरक्षा व्यवधान खडा गर्न सक्ने विषयमा गम्भीर बन्न छलफल भएको थियो ।*

**मधेशदृष्टि**
**वीरगंज ।**
उपप्रधानमन्त्री एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठले संविधान, लोकतन्त्र र राष्ट्रिय एकता रक्षाका लागि कानुनी शासन एवम् राष्ट्रिय सुरक्षालाई बलियो बनाउनुपर्ने बताएका छन् ।

धार्मिक एवम् सामुदायिक सद्भाव भड्काउने तत्वलाई समयमै पहिचान र नियन्त्रण गर्न र चाडबाडका मुखमा हुनसक्ने चोरी, निकासी तथा कृतिम महंगी रोक्नसमेत उनले निर्देशन दिए ।



मधेश प्रदेशको समसामयिक सुरक्षाबारे आठै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरू र सबै सुरक्षा निकायका प्रदेश र जिल्ला प्रमुखहरूसँग रिपोर्टिङ लिएपछि उनले यस्तो निर्देशन दिएका हुन् ।

महोत्तरीको बर्दिबासमा सम्पन्न गृह प्रशासन र सुरक्षा अधिकारीबीचको अन्तरक्रियात्मक बैठकमा गृहमन्त्री श्रेष्ठले जनताले सुशासन तथा गुणात्मक आर्थिक समृद्धि चाहेकाले सेवा प्रवाहलाई सहज र गुणस्तरीय बनाउन, शान्ति सुरक्षा चुस्त बनाउन, भ्रष्टाचारी एवम् अपराधीलाई कानुनको दायरामा ल्याउन तथा दण्डहीनताको अन्त्य गर्न मातहतका निकायलाई निर्देशन दिए ।

प्रमुख जिल्ला अधिकारीहरू र सुरक्षा निकायका प्रदेश तथा जिल्ला प्रमुखहरूले प्रदेशका कतिपय ठाउँमा धार्मिक सद्भाव बिथोल्ने तत्व सक्रिय रहेको, मिटरब्याज नियन्त्रण कानुन र आयोग बने पनि त्यसलाई निरुपण गर्ने सन्दर्भमा कतिपयबाट वाधाव्यवधान खडा गर्न खोजिएको, पालिकाका जनप्रतिनिधिको बेमेलले समेत सुरक्षा चुनौती खडा गरेको, सामाजिक सञ्जालमा आउने कतिपय सामग्रीले उत्तेजना निर्माण गर्न खोजेकोलगायतका समस्या राखेका थिए ।

भारतमा चुनाव नजिकिएकाले सीमा क्षेत्रमा तनाव बढ्न सक्ने तथा अवैध ओसारपसार र भारतीय गाडीको प्रयोगले समेत सुरक्षा व्यवधान खडा गर्न सक्ने उनीहरूको भनाइ थियो । गृह मन्त्रालयका सचिव दिनेश भट्टराईको अध्यक्षतामा सम्पन्न अन्तरक्रियात्मक बैठकमा प्रदेश सरकारका मुख्यसचिव दिनेश घिमिरे, नेपाल प्रहरीका महानिरीक्षक बसन्तबहादुर कुँवर, सशस्त्र प्रहरीका महानिरीक्षक राजु अर्याल र राष्ट्रिय अनुसन्धान विभागका निमित्त प्रमुख ओमप्रकाश जोशीले समेत बोलेका थिए । कार्यक्रममा गृह मन्त्रालयका प्रवक्ता नारायण भट्टराई, नेपाली सेनाका मध्यपूर्वी पृतनापति उपरथि प्रेमध्वज अधिकारीलगायतका व्यक्तित्व सहभागी थिए ।

## श्रीनिवास पक्राउपछि साधुसन्त आन्दोलित

*असोज १२ गते गौ हत्याविरुद्व विश्व हिन्दू परिषदले निकालेको विरोध ¥यालीलाई रामचोकमा सम्बोधन गर्दै श्रीनिवासले हातमा खुकुरी देखाउदै गौ हत्या गर्नेको टाउको काटेर ल्याउनेको पूरा परिवारलाई आफूले दश वर्षसम्म पालनपोषण गर्नेसहितका भाषण गरेपछि उनलाई मंगलबार साँझ प्रहरीले सुनसरीबाट पक्राउ गरेको छ ।*



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाममा गौ हत्याविरुद्व शान्तिपूर्ण प्रदर्शनमा सहभागी भएका धरानका साधु आयार्य श्रीनिवासलाई पक्राउ गरेको विरोधमा जनकपुरधामका साधुसन्तहरुले आन्दोलन घोषणा गरेका छन् ।

जनकपुरधाममा पत्रकार सम्मेलन गरी साधुहरुको संस्था रामानन्दीय वैष्णव संघले विहीबार दिउँसो ३ बजे विरोध ¥याली र सभा गर्ने भएकोक छ । साधु श्रीनिवास यथाशिघ्र बिनाशर्त रिहा नभए जस्तोसुकै आन्दोलन गर्न बाध्य हुने चेतावनी संघका अध्यक्ष जानकी मन्दिरका सहायक महन्त राम रोशन दासले दिए ।

दासले मातासरह पुज्य तथा

बाँकी पृष्ठ २ मा

# बागमती प्रदेशमा राष्ट्रभाषा ऐनसम्बन्धी प्रदेश सदस्यहरूसँग छलफल



**रासस**
**मनहरी ।**
बागमती प्रदेशमा राष्ट्रभाषा ऐनसम्बन्धी प्रदेश सदस्यसँग छलफल गरिएको छ । राष्ट्रिय आदिवासी जनजाति महिला मञ्च, नेवाः देय् दबु स्वनिगः विशेष प्रदेश र नेपाल तामाङ घेदुङ बागमती प्रदेशको संयुक्त आयोजनामा भएको छलफलमा प्रदेशसभामा प्रस्तुत बागमती प्रदेशको प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा बनेको विधेयक २०८० को व्यवस्था, संशोधनको व्यहोरा, संशोधनको कारण र आधारसहितको संशोधन प्रस्तावबारे प्रस्तुतीकरण गरिएको थियो ।
कार्यक्रममा भाषा आयोगका सदस्य अमृत योञ्जन, भाषाविज्ञ प्राडा ओमकारेश्वर श्रेष्ठ, अधिवक्ताद्वय शङ्कर लिम्बू र नरेश श्रेष्ठ तथा नेवाः देय् दबु स्वनिगः उपत्यका प्रदेश सदस्य श्रीकृष्ण महर्जनले कार्यपत्र प्रस्तुत गरेका थिए । बागमती प्रदेशका सामाजिक विकासमन्त्री कुमारी मोक्तानले छोटो समयमा धेरै मेहेनत गरेर भाषासम्बन्धी विधेयक ल्याएको जनाउँदै आवश्यक संशोधन गर्न सकिने बताए । 'हामीले प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा बनेको विधेयक दुई महिनाभित्रै बनायौँ', उनले भने, 'जाति, भाषा, सामाजिक मोर्चा र संस्थासँग छलफल गरेर सुझाव लियौँ र संस्थागतसँगै व्यक्तिगत सुझाव लिएर डेढ महिनामा खाका बनायौँ ।' भाषा विधेयकलाई पूर्णता दिन लिपिको कुरा चलेको जनाउँदै उनले त्यसलाई भाषा कानुनभित्र राखेर जाँदा राम्रो हुने जिकिर गरे । उनले विधेयक सदनमा पेस भएपछि प्रदेशसभा र पास भएपछि राज्यको सम्पत्ति बन्ने भन्दै भावी पुस्ताले गर्वलायक बन्नेमा जोड दिए । प्रदेशका पूर्वउपसभामुख राधिका तामाङले भाषा विधेयकलाई पूर्ण बनाउने र प्रभावकारी बनाउने सरकार, प्रदेश सदस्य, आदिवासी जनजाति सङ्घसंस्था र अगुवासँगै प्रदेशवासीको जिम्मेवारी रहेको बताए । प्रदेशको भाषाबारे सोचाइ साँघुरो बनाउन नहुने भन्दै उनले फराकिलो सोच बनाएर अघि बढे भाषाको कार्यान्वयन र विकास हुने दाबी गरे । प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री बहादुरसिं लामाले भाषा ऐन बनाउँदा सरल भाषामा बनाउनुपर्नेमा जोड दिँदै वा, अनि, अथवा जस्ता शब्द सकेसम्म राख्न नहुने बताए । प्रदेशसभा सदस्य सरल सहयात्रीले विद्यालयमा भाषा पढ्ने वातावरण बनेमा भाषा दीर्घकालीन रूपमा संरक्षण हुने भन्दै भाषा आयोगले सरलीकरण गर्नुपर्ने तर्क गरे । प्रदेश सदस्य श्रीराम लामिछानेले भाषा संरक्षणसँगै आर्थिक, सांस्कृतिक र रहनसहनलाई पनि भाषा कानूनमा समेट्न सके समृद्धिमा सहयोग पुग्ने बताए । अर्का सदस्य प्रेमभक्त श्रेष्ठले आउँदो पुस्ताका लागि रञ्जना लिपिबारे सचेतना जगाउन भाषा कानुनमा व्यवस्था गर्नुपर्ने बताए । अर्का प्रदेश सदस्य रमा आले मगरले ऐन बनाउनु स्वागतयोग्य भए पनि नेवार र तामाङसँगै सुरेल, ह्यायु, सुनुवार लगायतको भाषाको संरक्षणमा पनि कानुनमा व्यवस्था गर्नुपर्नेमा जोड दिए । कार्यक्रममा बागमती प्रदेशका खानेपानी, ऊर्जा तथा सिँचाइमन्त्री तीर्थबहादुर लामा, उद्योग, वाणिज्य, भूमि तथा प्रशासनमन्त्री रामकृष्ण चित्रकार, कृषि तथा पशुपक्षी विकासमन्त्री डा राजेन्द्रमान श्रेष्ठ, संस्कृति, पर्यटन तथा सहकारीमन्त्री पुकार महर्जन, वन तथा वातावरणमन्त्री मसिना खड्का, बागमती प्रदेशका सदस्यहरू लगायतले मन्तव्य व्यक्त गरेका थिए । राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चका अध्यक्ष सुनी लामाको अध्यक्षतामा भएको कार्यक्रममा आदिवासी जनजाति सङ्घसंस्थाको बागमती तथा मकवानपुर जिल्लाका प्रतिनिधिहरूको पनि सहभागिता रहेको थियो ।

# जनताले नीति होइन विकासमात्रै सोध्छन्ः सांसद तामाङ



**रासस**
**काठमाडौँ ।**
जनताको सङ्घर्षको बलमा प्राप्त संविधानसभाबाट सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक संविधान जारी भएको पनि आठ वर्ष पुगिसकेको छ । तर संविधान कार्यान्वयनमा आवश्यक पर्ने कानुन निर्माणमा ढिलाइ हुँदा गणतन्त्र, सङ्घीयता, धर्मनिरपेक्षता, समावेशी समानुपातिक प्रतिनिधित्वलगायत राजनीतिक उपलब्धि संस्थागत हुन सकिरहेका छैनन् । संविधानको कार्यान्वयन र शान्ति प्रक्रियालाई टुङ्गोमा पुर्याउन सरकार र सम्पूर्ण राजनीतिक दल एकताबद्ध हुनुपर्नेमा दलीय स्वार्थ हाबी देखिएको छ । सत्ताको नेतृत्व गरेको नेकपा (माओवादी केन्द्र) का सांसद हितबहादुर तामाङ संविधानको कार्यान्वयन र शान्ति प्रक्रियाको बाँकी काम टुङ्गोमा पुर्याउनु वर्तमान सरकार र संसद्को प्राथमिकता हुनुपर्ने बताउँछन् । संविधान कार्यान्वयनसँग सम्बन्धित ऐन तत्काल बनाउनुपर्नेमा जोड दिँदै उनले संविधानको कार्यान्वनमा सम्पूर्ण मुलुकको ध्यान केन्द्रित हुनुपर्ने बताए । 'जनयुद्ध र जनआन्दोलनको उपजस्वरुप संविधानसभामार्फत हामीले सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक संविधान प्राप्त गर्यौं, संविधानले धेरै विषयमा मार्ग प्रशस्त गरेको छ । तर संविधान आफैँ लागू हुने होइन, अहिले सिङ्गो मुलुकको ध्यान संविधान कार्यान्वयनमा नै हुनुपर्छ', सांसद तामाङले भने, 'संविधानको कार्यान्वयनका लागि आवश्यक ऐन तत्काल निर्माण गर्नुपर्छ । ऐन, नियम, नीति, कार्यविधिलगायत संविधान कार्यान्वयनसँग सम्बन्धित अवयव निर्माण नगरी संविधानको धारा आफैँमा कार्यान्वयन हुँदैन ।' सरकार र संसद्ले संविधान कार्यान्वयनलाई नै जोड दिनुपर्छ भन्दै उनले वर्तमान संविधानमाथि देखिएको खतराप्रति सबै सचेत हुनुपर्ने बताए । 'संविधानलाई निष्प्रभावी बनाउने, गणतन्त्र, सङ्घीयता, धर्मनिरपेक्षता, समानुपतिक समावेशी व्यवस्थालगायत संविधानमार्फत प्राप्त राजनीतिक उपलब्धिलाई निस्तेज गर्ने सोच र चिन्तन हाबी हुन खोजिरहेको छ । त्यसका विरुद्धमा पनि सङ्घर्ष गर्न जरुरी छ', सांसद तामाङले भने । शान्ति प्रक्रियाका बाँकी कामलाई जतिसक्दो चाँडो टुङ्ग्याउनुपर्नेमा जोड दिँदै उनले संसद्मा पेस भएको बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोगसम्बन्धी विधेयकलाई तत्काल निष्कर्षमा पुर्याइनुपर्ने बताए । 'शान्ति प्रक्रियालाई निष्कर्षमा पुर्याउन नसक्दासम्म द्वन्द्वको खतरा रहिरहन्छ, त्यसकारण संविधानको रक्षा र कार्यान्वयन तथा शान्ति प्रक्रियालाई टुङ्गोमा पुर्याउने काम अहिलेको संसद् र सरकारको प्राथमिकता हुनुपर्छ ।' सांसद तामाङले भ्रष्टाचार नियन्त्रण तथा सुशासन कायम गर्ने सन्दर्भमा वर्तमान सरकारले थालेको अभियान मुलुक र जनताको पक्षमा रहेको उल्लेख गर्दै सरकारले थालेका अभियानमा सबैको साथ र सहयोग आवश्यक रहेको बताए । 'वर्तमान सरकारमाथि आशङ्का गर्नुले वास्तविकतामाथि मेल खाँदैन, सरकारले आफ्नो काममा राम्रो गरिरहेको छ, त्यसलाई संसद्ले मात्रै होइन, अन्य राजनीतिक दलहरूले पनि साथ र सहयोग गर्नुपर्छ ।' विधायकको मुख्य भूमिका कानुन निर्माण नै भए पनि मुलुकको अवस्था, जनताको आवश्यकतालगायत कारणबाट सांसद् आफ्नो जिम्मेवारीबाहेकका काममा पनि संलग्न हुनुपरेको सांसद तामाङले बताए । सांसदको भूमिका नीति निर्माणमा केन्द्रित हुनुपर्नेमा जोड दिँदै उनले भने, 'हामी भौगोलिक, आर्थिक, सामाजिक, सांस्कृतिक दृष्टिकोणबाट जुन अवस्थामा गुज्रिरहेका छौँ, त्यस्तो मुलुकमा सांसदले बढी विकास निर्माणमा जोड दिए हुन्थ्यो भन्ने जनतामा परेको छ ।' विकास निर्माणभन्दा पनि कानुन निर्माणमा आफ्नो भूमिका हुँदाहुँदै पनि सांसदले जनताका आकाङ्क्षालाई नजरअन्दाज गर्न नमिल्ने उनको भनाइ छ ।
'मत माग्ने बेलामा होस् वा अन्य समयमा जनतासँग भेट्दा तपाईँले कस्तो नीति बनाउनुहुन्छ ? अहिलेसम्म कुन–कुन ऐन पारित गराउनुभयो ? तपाईंको भूमिका कस्तो रह्यो ? भनेर कसैले पनि सोध्दैन', सांसद तामाङले भने, 'तपाईँले हाम्रो गाउँ–ठाउँमा के गर्नुभयो ? विकासका काम गर्ने कि नगर्ने भन्ने मात्रै आएको छ ।' राज्यसँग सीमित स्रोत, साधन र जनतासँग असीमित आकाङ्क्षाको कारण त्यस्तो अवस्था सिर्जना भएको उनको भनाइ छ ।
'जनताको चाहना र संविधानले व्यवस्था गरेको सांसदको भूमिकाका बारेमा अन्तरविरोध छ, यो विस्तारै मेट्दै जानुपर्छ', सांसद तामाङले भने । समाजमा देखिएको अन्याय, अत्याचार, शोषण र विभेदका विरुद्धमा लड्नुपर्छ भनेर आफू राजनीतिमा क्रियाशील भएको उनको भनाइ छ । विसं २०३६ देखि विद्यार्थी आन्दोलनमा सहभागी हुनुभएका सांसद तामाङ २०३९ सालमा अनेरास्ववियुको नुवाकोट जिल्ला सचिव, २०४७ सालमा नेकपा चौथो महाधिवेशन सदस्य, २०५२ सालमा नेकपा एकता केन्द्रको जिल्ला सचिव, २०५३ सालमा बागमती क्षेत्रीय ब्यूरो सदस्य, २०५८ सालमा नेकपा (माओवादी)को केन्द्रीय सदस्य, २०६३ सालमा अन्तरिम व्यवस्थापिका सदस्य, २०६६ सालमा युवा तथा खेलकुदमन्त्री तथा २०७४ साल र २०७९ सालमा नुवाकोटबाट प्रतिनिधिसभा सदस्य निर्वाचित भएका छन् । नेपालको संविधानमा व्यवस्था भएअनुसार सांसदको जिम्मेवारी र क्षेत्राधिकार कानुन निर्माण नै भएको उल्लेख गर्दै उनले राजनीतिक दलहरूको सहमतिबेगर कुनै एक जना सांसदले चाहेरमात्रै पनि गर्न सक्ने अवस्था नरहेको विडम्बना सुनाए ।
'सबैजसो सांसद राजनीतिक दलबाट टिकट लिएर निर्वाचित भएका हौँ, दलको निर्देशनभन्दा बाहिर गएर काम गर्न सक्ने स्थिति छैन । संसद्मा प्रस्तुत भएको विधेयकमा राजनीतिक दलको सहमति भएन भने चाहेर पनि त्यो विधेयक पारित भइरहेको छैन', सांसद तामाङले भने, 'विधेयकमाथि छलफल गरेर ऐनको रूप दिनुपर्ने थियो, त्यो हुनसकेको छैन ।' दलहरूबीच सहमति हुन नसक्दा संविधान कार्यान्वयन र शान्ति प्रक्रियासँग सम्बन्धित महत्त्वपूर्ण विधेयक सदनबाट पारित हुन नसकेको यथार्थ प्रस्तुत गर्दै उनले दलहरूले तत्काल सहमति जुटाएर ती विधेयकलाई निष्कर्षमा पुर्याउनुपर्नेमा जोड दिए । 'धेरै विधेयक तयारीका अवस्थामा छन्, राजनीतिक दलहरूबीचको सहमतिको अभावले संसद्मा दर्ता हुन सकिरहेको छैन', उनले भने, 'केही विधेयक संसद्मा दर्ता भएर समितिमा जान सकिरहेको छैन, समितिमा गएर पनि राजनीतिक सहमतिको अभावमा टुङ्गोमा पुगिरहेको छैन ।' समावेशिताको दृष्टिकोणबाट नेपालको संविधान विश्वकै उत्कृष्ट भित्र पर्ने दाबी गर्दै उनले संवैधानिक हिसाबबाट भन्दा पनि दलहरूबीचको सोचका कारण अपेक्षितरूपमा सफलता हासिल गर्न नसकिएको बताए । 'हामीले जनताको अपार साथसमर्थनबाट जनयुद्ध लड्यौँ, परिणामस्वरुप नयाँ संविधान प्राप्त भयो, संविधानले जनताको अधिकारलाई संस्थागत गरेको छ', सांसद तामाङले भने, 'तर हाम्रो संस्कार पुरानै छ, हामीले लोकतान्त्रिक संस्कार विकास गर्न सकेका छैनौँ ।'

# जर्मनी र रोमानियासँग श्रम सम्झौता गर्न स्वीकृति



**रासस**
**काठमाडौँ ।**
सरकारले युरोपेली मुलुक जर्मनी र रोमानियासँग द्विपक्षीय श्रम सम्झौता गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई स्वीकृति दिएको छ । मङ्गलबार बसेको मन्त्रिपरिषद् बैठकले ती दुई मुलुकसँग श्रम सम्झौता गर्न स्वीकृति दिने र सोसम्बन्धी कार्यक्रममा सहभागी हुन श्रममन्त्री शरत्सिंह भण्डारी नेतृत्वको प्रतिनिधिमण्डललाई तोकिएको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिइन् । सरकारले नेपाल र स्विट्जरल्यान्ड तथा नेपाल र रुवाण्डाबीच द्विपक्षीय वार्ता तथा हवाई सेवा सम्झौता गर्न पनि स्वीकृति दिएको छ ।
बैठकले नेपाल र मलेसिया सरकारका परराष्ट्र मन्त्रालयबीच द्विपक्षीय परामर्श संयन्त्र स्थापना गर्ने निर्णयसमेत गरेको छ । मन्त्रिपरिषद्ले सिटी अफ लन्डनको मेन्सन हाउसमा आयोजना हुने उच्चस्तरीय लगानी सम्मेलनमा सहभागी हुन अर्थमन्त्री डा प्रकाशशरण महत नेतृत्वको प्रतिनिधिमण्डललाई स्वीकृति दिएको छ । बैठकले राष्ट्रिय खेलकुद प्रतिभा सम्मान कार्यविधि, २०६८ खारेज तथा विशेष अदालत नियमावली, २०८० स्वीकृति गरेको छ ।h मन्त्रिपरिषद्ले फौजदारी कसुर सजाय निर्धारण तथा कार्यान्वयन ऐन, २०७४ को दफा १ को उपदफा २ अनुसार ऐनको प्रारम्भ हुन बाँकी दफामध्ये दफा १७ को खण्ड च, दफा २९ र ४० आगामी कात्तिक १ गतेदेखि प्रारम्भ हुने गरी तोक्ने र सोको सूचना नेपाल राजपत्रमा प्रकाशित गर्ने निर्णय गरेको मन्त्री शर्माले जानकारी दिइन् । सरकारले शहिद दशरथचन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, निर्माणमुखी सामग्रीको व्यवस्थापन तथा नियमन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सङ्घीय संसद्मा पेस गर्न स्वीकृति दिनाका साथै सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गतको कार्यक्रमका लागि अधिकृतस्तरका छ अस्थायी दरबन्दी स्वीकृत गरेको छ ।
जिल्ला समन्वय समितिको कार्यालयको सङ्गठन संरचना र दरबन्दी तेरिज संशोधन गर्ने, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र अन्तर्गतमा अधिकृतस्तरको कूल एक सय ७२ अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णय बैठकले गरेको छ । यसैगरी न्याय सेवा आयोगको सिफारिसबमोजिम न्याय सेवा, सरकारी वकिल समूह, राजपत्राङ्कित प्रथम श्रेणीका सहन्यायाधिवक्ता लोकराज पराजुलीलाई सोही सेवाको राजपत्राङ्कित विशिष्ट श्रेष्णी (सचिव) पदमा बढुवा गरी बेपत्ता परिएका व्यक्तिको छानबिन आयोगमा पदस्थापन गर्ने निर्णय पनि गरेको मन्त्री शर्माले जानकारी दिए । उनका अनुसार बैठकले अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)लाई नेपाल सरकारबाट सन् २०२१ देखि २०२३ सम्मको वार्षिक बजेट योगदानबापत कूल सात लाख ७५ हजार पाँच सय ३३ अमेरिकी डलर बराबरको रकम अर्थ मन्त्रालयमार्फत भुक्तान गर्न स्वीकृति दिएको छ । मन्त्रिपरिषद्ले नेपाल गणुस्तरीय स्वास्थ्य सेवा प्रणाली कार्यान्वयनका लागि विश्व बैङ्कबाट प्राप्त हुने एक सय मिलियन अमेरिकी डलर (बुधबारको विदेशी मुद्रा विनिमय दरअनुसार करिब १३ अर्ब ३५ करोड रुपैयाँ) सहुलियतपूर्ण ऋण तथा तीन दशमलव ८४ मिलियन अमेरिकी डलर अनुदान सहायता स्वीकार गर्ने निर्णय गरेको मन्त्री शर्माले जानकारी दिए । बैठकले आर्थिक विकासका लागि लगानी तथा नवप्रवर्तनसम्बन्धी आयोजना कार्यान्वयन गर्न स्विट्जरल्यान्ड सरकारबाट प्राप्त हुने स्विस फ्र्याङ्क पाँच दशमलव४५ मिलियन अनुदान सहायता पनि स्वीकार गर्ने निर्णय गरेको उनको भनाइ थियो ।

# सांस्कृतिक शान्ति पदयात्राले 'नमोबुद्धमा थपियो उत्साह'

**रासस**
**काभ्रेपलाञ्चोक ।**
धार्मिक तथा ऐतिहासिक महत्व बोकेको नमोबुद्धमा सांस्कृतिक शान्ति पदयात्राले थप उत्साह बढाएको छ । नमोबुद्धको महत्व र यसको विशेषतालाई पदयात्राले प्रवद्र्धन गरेको छ । पूर्वाधार विकास निर्माण र प्रचारप्रसारका साथै आफ्नो ठाउँको ऐतिहासिक तथा पुरातात्विक सम्पदाको संरक्षण विकासमा नमोबुद्ध नगरपालिकाले विशेष जोड दिँदै आएको छ । नगरपालिकाले नमोबुद्धको पहिचान, ऐतिहासिक एवं धार्मिक महत्वका बारेमा प्रचार, संरक्षण, संवद्र्धन र विकासमा निरन्तरता दिँदै आएकामा सांस्कृतिक शान्ति पदयात्राले थप उत्साह बनाएको नगरपालिकाले जनाएको छ । पछिल्लो समयमा नमोबुद्धलाई विश्व सम्पदा सूचीमा सूचीकृत गराउने पहलका साथ आवश्यक प्रक्रिया अगाडि बढाइरहेको बेलामा जिल्ला समन्वय समिति काभ्रेपलाञ्चोक र काभ्रे सेवा समाजको संयुक्त आयोजनामा गत हप्ता काठमाडौँको स्वयम्भूमा शान्ति दीप प्रज्वलन गरी पनौती हुँदै नमोबुद्धसम्मको सांस्कृतिक शान्ति पदयात्राको आयोजना गरिएको थियो । पदयात्राले नगरपालिकालाई थप उत्साहित बनाएको नमोबुद्ध नगरपालिका प्रमुख कुनसाङ लामाले बताए ।
यसक्रममा सांस्कृतिक एवं ऐतिहासिक सहर पनौतीको लायकु दरबार क्षेत्रबाट सुरु भएको शान्ति पदयात्राले त्रिवेणीघाट, सुन्थान, शङ्खु हुँदै नमोबुद्ध स्तुपा र गुम्बा परिसरसम्म सयौँको सङ्ख्यामा भ्रमण । यसमा नगरपालिकाले वडा नं ११ को शङ्खुफेदीस्थित नमोबुद्ध प्रवेशद्वारबाट नै नगरपालिकाको टोलीद्वार विद्यालयका विद्यार्थीहरुको पूर्ण सहभागितामा पदयात्रीहरुलाई स्वागत गरेर न्यानो आतिथ्यताको आभाष दिलाएको थियो । पनौती हुँदै नमोबुद्ध पुग्ने मार्गको छेउछेउमा उभिएर गरेको स्वागतले यात्रामा उत्साहित बनाएको पदयात्रामा सहभागीहरुको भनाइ थियो । यसको एउटै मात्रै कारण थियो नमोबुद्धलाई धार्मिक पर्यटनको प्रवद्र्धनमा जोड दिने । काठमाडौँ कोटेश्वरका रवीन्द्र कर्माचार्यले काभ्रेपलाञ्चोकको नमोबुद्ध र पनौतीको ऐतिहासिक क्षेत्रको महत्वलाई थप उजागर गर्दै पर्यटन प्रवद्र्धन गर्न आवश्यक रहेको बताए । 'कतिपय मान्छेलाई थाहा नै छैन कि, नमोबुद्ध कसरी उत्पत्ति भयो र यसको महत्व के हो भनेर', उनले भने, 'त्यसबारे स्थानीय सरकारले सही सन्देश दिनेखालको काम गर्नुपर्दछ ।' ठाङ्गु टासि याङ्चे गुम्बाका उपाध्यक्ष आचार्य लामा कर्माफुर्वु शेर्पा र नमोबुद्ध भगवान घ्याँ गुठीका लामा गुरु सानुकान्छा लामा लगायतले नमोबुद्ध परिसरको ऐतिहासिकता र महत्वलाई पदयात्रामा सहभागीहरुले शान्तिको सन्देशमा प्रचार गर्न बल पुग्ने विश्वास व्यक्त गरेका छन् । काभ्रे सेवा समाजका अध्यक्ष प्रल्हाद केसीले ओझेलमा परेको नमोबुद्ध यसको महत्व र गरिमालाई उजागर गर्नका लागि स्वयम्भूमा दीप प्रज्वलन गरी त्यहाँसम्मको पदयात्रा सम्पन्न गरेको बताए । विशाल पदयात्राले विश्वमा नमोबुद्धको प्रचार र यसको महत्वका बारेमा थप व्यापकता पाउने विश्वास उनको भनाइ छ । पनौती, बनेपा र नमोबुद्ध जहाँ आएपछि पनौतीमा पाइला टेक्नैपर्छ भन्ने जनविश्वास रहेको र नमोबुद्धसँग पनौतीको सम्बन्ध जोडिएको ऐतिहासिक तथ्य रहेको कारण पनि पनौती नमोबुद्ध पदयात्राको आयोजनाले नयाँ सन्देश दिने पनौती पर्यटन विकास केन्द्रका अध्यक्ष पुरुषोत्तम कर्माचार्यले बताए । जिल्ला समन्वय समिति काभ्रेपलाञ्चोकका प्रमुख दीपककुमार गौतमले सबै क्षेत्रले पर्यटन प्रवद्र्धनको सम्भावना बोकेको काभ्रेलाई केही गराँ भन्ने उद्देश्यले आयोजना गरेको शान्ति पदयात्राले पर्यटन प्रवद्र्धनमा बल पुग्ने बताए । पदयात्राको आयोजनाले नमोबुद्धलाई थप प्रचार गर्नमा टेवा पुग्ने विश्वास गरिएको छ । नमोबुद्ध नगरपालिका प्रमुख लामाले नमोबुद्धको समग्र विकास र प्रवद्र्धनका लागि सबैको साझा अभियान आवश्यक रहेको बताए । विश्व सम्पदा सूचीमा सूचीकरणको प्रक्रिया नगरपालिकाले अघि बढाइसकेको उल्लेख गर्दै उनले विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) समेत निर्माण गरिसकेको बताए । बागमती प्रदेश सरकारको नीति तथा कार्यक्रममा पनि नमोबुद्धलाई विश्व सम्पदा सूचीमा सूचीकरण गर्ने प्रस्ताव गरिसकेको नगरपालिकाले जनाएको छ ।



सकभर ऋण नलेऊ, एकपटक ऋण सम्झौता गऱ्यौ भने मृत्युपर्यन्त यसले पिरोलिरहन्छ ।

–सुज ओर्मान

## सम्पादकीय

# द्वन्द्वको कारण पत्ता लगाऔं

विगत केहि महिना देखि नेपालमा भइरहेको दुई समुदायविचको विवादले मुलुकलाईनै अशान्त बनाउने स्थितीको सृजना हुँदै गइरहेको छ । मलंगवामा भएको लागातारको दुईपटकको विवाद र नेपालगंजममा हिन्दुहरुले प्रर्दशन गरिरहेको बखत भएको हिंसाले नेपालमा कहिले पनि नसोचिएको दुई समुदायविचको विवाद दिन प्रतिदिन रवर जस्तै तन्कीदै गएको अवस्था छ । खासगरि दुई समुदाय विचको विवादमा दोषीमाथि कडा कारवाही गर्न सरकारले नै इमान्दारी नदेखाएपछि मुलुकमा दुई समुदायविचको विवाद गहरिदै गएको र पछि गएर ठुलै हिंसा नहोला भन्न सकिन्न । मलंगवा घटनामा पनि मधेश प्रदेशका मुख्यमन्त्रीले यसमा हस्तक्षेप गरेर छानवीन गरि दोषीमाथि कडा कारवाही गराउला भनेर मधेशवासीले सोचेका थिए तर मुख्यमन्त्री सरोज यादवले यस विषयमा हात हाल्न उचितनै ठानेन,झन विवादका दोषीलाई सजाय दिलाएर देशमा कानुनी राज्यको स्थापना गर्न मद्दत पुरयाउनु भन्दा सदभाव रयाली निकालेर समस्या समाधान गर्ने सोच बनाएपछि जनता र सरकारविचको दुरी बढदै गइरहेको देखिन्छ । मलंगवामै कफर्यु लागेको समयमा रातीमा केहि आपराधिक मानसिकता भएका व्यक्तिले तलवारले घरको गेटमा काटने जस्तो क्रियाक्लाप गरिरहदा बगलमै रहेको प्रहरी प्रशासनले हस्तक्षेप गर्नु त परै जाओस बोल्न सम्म नसकेपछि दुई समुदायविचको दुरी बढदै गएको बुझन सकिन्छ । अर्को कुरा लागतारुपमा भइरहेको यस किसीमको विवादको विषयमा केन्द्रिय गृह मन्त्रालय सम्वेदनशिल नदेखिएको पक्कै हो । हिंसाले उग्ररुप लिएपछि समाजिक संजालमा उत्तेजक टिप्पणीहरु नलेख्न भनेर विज्ञप्ती जारी गरेर आफनो कत्वर्य पुरा भएको ठानेपछि समस्या समाधान तर्फ पक्कै जाँदैन । मधेशका २२ जिल्लाको अवस्था हेर्नेहो भने जनसंख्याको हिसावले होस या आर्थिक हिसावले मधेश भुमी धनधान्य रहेको छ । सत्ताधारि पक्षले मधेशलाई केन्द्रितकृत राजनीतिमा हावी हुन मात्रै नदिएको हो नत्र पहाड र हिमाल भन्दा मधेश कयौ गुणा अगाडी रहेको झुठलाउन सकिदैन । समयको परिवर्तनसंगै उपेन्द्र यादव,महन्थ ठाकुर,राजेन्द्र महतो भन्दापनि शक्तिशाली नेताको रुपमा सिके राउत भएपछि मधेश विरोधी नेताहरुलाई पोलेको जरुर नै हो । सिके राउतका ब्लाइण्ड सर्पोटरहरु मधेशमा मात्रै होइन अब पहाडमा पनि देखिएको छ जुन निर्वाचनमा आएको समानुपातिक मतबाट देखिएको छ । वर्तमान परिप्रेक्ष्यमा हेर्नेहो भने शक्तिशाली बन्दै गएको मधेशलाई अस्तव्यस्त बनाउन हिन्दु मुश्लिम विवाद तन्काएर समस्या उत्पन्न गरि मधेशलाई कमजोर बनाउने जस्तो राजनीति पनि भइरहेको कुरालाई नकार्न सकिन्न । हिन्दु राष्ट रहेको अवस्थामा पनि खुसी रहेको मुश्लिम समुदायलाई धर्मनिरपेक्ष भएकोमा मुश्लिम समुदायलाई 'कागलाई बेल पाक्यो हर्ष न विषमात' सरहनै हो । अर्थात मुश्लिम समुदायलाई धर्म निरपेक्ष भएपनि खासै बढि खुसी पाएको देखिएको छैन । उनिहरुले हिन्दु राज्य छदानै आफुहरु बढि सुरक्षीत रहेको बताउछन् । हिन्दु राज्य होस या धर्म निरपेक्ष हामीलाई खासै फरक छैन,हामीलाई गर्व छ नेपाली भएको बताउनेहरुलाई गलत राजनीति गर्नेहरुलेनै उक्साएर भनौ या केहि आपराधिक मानसिकता भएकाहरुलाई परिचालीत गरेर मधेशलाई बदनाम गर्ने कोशिश हुदैछ । हिन्दु र मुसलामान मधेशमा मात्रै होइन पहाडमा पनि रहेको अवस्थामा मधेशमै हिन्दु मुश्लिम किन भइरहेको छ पहाडमा त्यसको चर्चा पनि नगरिनुको कारण के होला ? यसप्रति मधेशका राजनीतिक दल देखि दुवै समुदायका अगुवाहरुलाई सोच्नुपर्ने हो । अहिलेको अवस्था धार्मिक द्वन्द्व गरेर समय खेल फाल्ने समय होइन, विश्वस्तरमा आफुलाई अगाडी बढाउने समय भएकोले द्वन्द्व गराउने तत्वलाई पक्राउ गरि कडा भन्दा कडा कारवाही गराएर यस्ता समस्या सदा सदाका लागि समाधान गर्ने तर्फ जानुपर्छ ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना हो: madheshdristi@gmail.com

## नेपाल रेल्वे समय तालिका

| जनकपुर-जयनगर रेलसेवा | | | जयनगर-जनकपुर रेलसेवा | | |
|---|---|---|---|---|---|
| सिफ्ट | जनकपुर | जयनगर | सिफ्ट | जयनगर | जनकपुर |
| पहिलो | ८:३५ बजे | १०:०० बजे | पहिलो | ०८:३० बजे | ०९:५५ बजे |
| दोस्रो | ११:३० बजे | १२:५५ बजे | दोस्रो | १५:०० बजे | १६:२५ बजे |
| तेस्रो | १६:३० बजे | १७:५५ बजे | तेस्रो | १८:०० बजे | १९:१२ बजे |

# जन्मदेखि मृत्युसम्म बोकेको ऋणबाट उन्मुक्ति कहिले ?



डा. रामसागर पंडित

हामी नेपाली ऋणबाट कहिले मुक्त हुने जस्ता प्रश्न यस देशका अभिभावकको भूमिकामा रहेका हाम्रा सरकार प्रमुखसँग नेपालीहरू सोधिरहेका छन् । पत्रकारिता जगतको कुरालाई हेर्दा एउटै कुरालाई सकारात्मक÷नकारात्मक सोचले अगाडि बढेको देखिन्छ । सकारात्मक लेख रचनाले समस्यालाई समाधान गर्ने हिम्मतसाथ अगाडि बढ्न प्रेरणा दिन्छ भने नकारात्मक सोचले मनमा काम गर्ने हिम्मत र जोशलाई समेत खसाल्ने काम गर्छन् । जे होस् यस्ता सकारात्मक सोचको शुरुआत सरकारबाट नै भइदिए जनता आपसेआप उत्साहित हुन जान्थे । यदि त्यस्तो गरिएन भने देशमा गर्न चाहने मानिसहरूपनि पछि पर्छन् । विदेशी लगानीकर्ता पनि देशभित्र लगानी लगाउन इच्छा जाहेर गर्दैनन् । हाम्रा सरकार स्थिर नभएको कारणले पनि यस्तो सोच बन्न सकेको हुँदैन । यस देशलाई विकास गर्न स्थिर सरकार अपरिहार्य देखिन्छ । यदि यसका लागि संविधानलाई संशोधनै गर्नुपर्छ भने ढिलो गर्नु हुँदैन । प्रदेशहरूका पनि यस्तै हाल छ । महिने–महिने सरकार परिबर्तन गर्दै जाने हो भने देश र जनताका लागि के काम गर्न सकिन्छ र ?

अब प्रसँग बदलौं । हाम्रो देशको अवस्था यस्तो छ जहाँका हामी जनता ऋणमै जन्मिन्छौं र ऋणमै हुर्किएर मर्छौं । हामी हाम्रा सरकारका कुरा सुन्दा कहिले काँही पत्यार गर्न पनि असमञ्जसमा पर्छौं । वरु आजभन्दा अघिका सरकारहरूले जनताका लागि केही नगर्दा जनता आफै गरेर देशलाई सन्तुलनमा राखेका थिए । ठीक छ राणा र निर्दलकालमा यत्रो सडक सञ्जाल, विद्यालय निर्माण, स्वास्थ्य व्यवस्था राम्रो नभएपनि प्रत्येक नेपाली ऋणबाट मुक्त थिए । हामी अध्यात्मतिर जाँदा के उपदेश दिएको छ भने कसैको ऋण खाएर जाँदा मर्दा पनि शान्ति पाउँदैन र के हामी नेपाली मरेपछि पनि चिरशान्ति पाउँदैनौं र ! यो एउटा हाम्रा लागि गम्भीर प्रश्न छ ।

पाठकलाई हामीमाथि कति ऋण छ त्यतातिर ध्यान आकृष्ट गर्न चाहन्छौं । सरकारको तिर्न बाँकी सार्वजनिक ऋण २३ खर्ब ९ अर्ब ८६ करोड ९६ लाख रहेछ । सरकारले हरेक वर्ष घाटा बजेट ल्याउने प्रबृति बढ्दै गएकाले मुलुकलाई सार्वजनिक ऋणको भार बढ्दै हरेक नेपालीको टाउकोमा ७९ हजार ऋण थपेको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको गत भदौसम्मको संक्षिप्त प्रगति विवरणले देखाएको तथ्याङ्क हो । झट्ट हेर्दा देशमा केही विकास भएको, जीवनशैली उठेको देखिन्छ । बिजुली, खानेपानी, सडक, शिक्षालय पनि बनेका छन् । कतिलाई लाग्ला नेपाल विकासको गतिमा अगाडि बढेको छ । तर गहिरिएर हेर्दा यी विकासहरू आफ्ना आम्दानीले बनेको होइन । यी सब ऋणमा बनेका छन् । दार्शनिक चार्बाकको कथन यहाँ लागू भएको देखिन्छ । 'ऋण गरेर भए पनि घ्यू पिउनु' भन्ने उखान चरितार्थ देखिन्छ । तर अर्कोतिर त्यसको भार आम नेपाली जनताको टाउको गनेर हिसाब हुन थालेको छ ।

गत असारसम्म यस्तो ऋण २२ खर्ब २१ अर्ब रूपैया थियो । सरकारी तथ्याङ्क हेर्दा बितेको एक वर्षमा सार्वजनिक ऋण करिब ३ खर्ब रूपैयाँभन्दा धेरैले बढेको छ ।

सरकारले गत भदौसम्म आन्तरिक र बाह्य गरी जम्मा २३ खर्ब ०९ अर्ब ८६ करोडमध्ये आन्तरिक ऋण ११ खर्ब ४० अर्ब ५३ करोड र बाह्य तर्फ ११ खर्ब ६९ अर्ब ३३ करोड तिर्न बाँकी छ । गत भदौसम्म सरकारले तिर्न बाँकी सार्वजनिक ऋण हेर्दा अहिले हरेक नेपालीको भागमा ७९ हजार बराबर ऋण देखिन्छ । राष्ट्रिय तथ्याङ्क कार्यालय, रामशाहपथले परिमार्जन गरेर सार्वजनिक गरेको कुल जनसंख्या ३ करोड ९ लाख १८ हजार ७ सय २० मा गत भदौसम्म तिर्न बाँकी सार्वजनिक ऋणलाई भाग गर्दा उक्त प्रतिव्यक्ति निकालिएको हो । सरकारको बजेटिङ्ग प्रक्रिया ठीक रहेको देखिँदैन । हरेक वर्ष घाटा बजेट ल्याउने प्रवृति बढ्दै गएकाले राष्ट्रलाई सार्वजनिक ऋणको भार बढ्दै आएको छ । सरकारले चालु आ.ब. को बजेटमा स्रोत अपुग हुने ४ खर्ब ५२ अर्ब ७५ करोड रूपैया ऋण मार्फत पूर्ति गर्ने लक्ष्य राखेको छ । यस अनुसार बैदेशिक ऋणबाट २ खर्ब १२ अर्ब ७५ करोड र २ खर्ब ४० अर्ब आन्तरिक ऋणकाट स्रोत जुटाइने सरकारको लक्ष्य रहेछ । यसरी चालु आ.ब. मा करिब साढे ४ खर्ब रूपैया सार्वजनिक ऋण थपिने निश्चित छ । यसमा पुरानो ऋणको साँवा ब्याज कति हुन्छ त्यसले कुल सार्वजनिक ऋणको सही तथ्याङ्क देखाउने छ ।

| साल | ऋण |
|---|---|
| २०७३।०७४ | – ६ खर्ब ९७ अर्ब ६८ करोड रुपैयाँ |
| २०७४।०७५ | – ९ खर्ब १७ अर्ब ३१ करोड रुपैयाँ |
| २०७५।०७६ | – १० खर्ब ४८ अर्ब १५ करोड रुपैयाँ |
| २०७६।०७७ | – १४ खर्ब ३३ अर्ब ४० करोड रुपैयाँ |
| २०७७।०७८ | – १७ खर्ब ३७ अर्ब ६३ करोड रुपैयाँ |
| २०७८।०७९ | – २० खर्ब १३ अर्ब २९ करोड रुपैयाँ |
| २०७९।०८० | – २२ खर्ब ९९ अर्ब ३५ करोड रुपैयाँ |
| २०८०।०८१ | – २३ खर्ब ०९ अर्ब ८६ करोड रुपैयाँ (भदैसम्म) |

केही विगतदेखि हालसम्मको ऋण तथ्याङ्कलाई हेर्दाः




चालु आ.ब. का लागि सरकारले कुल १७ खर्ब ५१ अर्ब ३१ करोड बजेट सार्वजनिक गरेको छ । कुल बिनियोजन मध्ये ११ खर्ब ४१ अर्ब ७८ करोड (२० प्रतिशत) चालु खर्च, ३ खर्ब २ अर्ब ७ करोड (१७.२५ प्रतिशत) पूँजीगत र बित्तीय व्यवस्थापनका लागि ३ खर्ब ७ अर्ब ४५ करोड (१७.५५ प्रतिशत) छुट्याइएको छ । बित्तीय व्यवस्थापनका लागि विनियोजन गरेको बजेट पूँजीगत खर्चभन्दा बढी छ । यसले पछिल्ला वर्षमा राज्यलाई ऋणको भार बढ्दै गएकाले सरकारले विकास निर्माणमा भन्दा ऋणको साँवा भुक्तानीलाई बढी प्राथमिकता दिएको पुष्टि हुन्छ । यसरी हेर्दा यसपालिको बजेटमा ऋणलाई कम गर्ने कुरा एउटा सकारात्मक पक्ष रहेको देखिन्छ । ऋण व्यक्तिदेखि सार्वजनिक निकायसम्म राम्रो मानिँदैन । अहिले छिमेकी देशहरू पाकिस्तान, श्रीलंका, अफगलिस्तानको अवस्थालाई हेरेमा प्रष्ट हुन आउँछ ।

नेपालको सरकारले विकासशील देशहरूका समूहभित्र पस्न भरमग्दूर प्रयास गरिरहेको छ । यसका लागि सरकारी अठोटको आवश्यकता छ । बोलेर मात्र हुँदैन, काम गरेर देखाउने समय छ ।

यस लोकतान्त्रिक सरकारका कुरामाथि छिटो जनताले पत्याउन छाडेका छन् । अहिले देशका राजनेताहरू देशलाई माया गरेको देखिएनन् । यस देशलाई बचाउने काम नेपाली यूवाहरूले गरेका छन् । यहाँबाट घर÷घरका यूवाहरू विदेश पलायन नभएको भए देशको हबिगत के हुन्थ्यो, विचारणीय कुरो रहेछ । हुनत देश चलाउने नेताहरूमा त्यस्तो राष्ट्रभक्तिको अभाव देखिन्छ । नेताकै परिवारका मानिसहरू देशमा भएका ठूल्ठूला काण्डमा मुछिएका देखिन्छन् । यसबाट प्रमाणित भएको छ कि यिनीहरू देशभन्दा आफ्ना निजी स्वार्थलाई अगाडि राखेर काम गरेका छन् । अहिले पनि देशका यी नेताहरूका सम्पत्ति जाँच भयो भने एकादूका बाहेक सबैका सबै फँस्नेमा कुनै शंका छैन ।

२०२५ ई. सम्म विकासशील देशहरूका स्तरमा आउनु एउटा फर्को मार्नु नै हो । तर देशको अवस्थालाई हेर्दा २०२५ ई. सम्म विकासशील देशहरूको स्तरमा आउन सकिन्छ भने विश्वासिलो आधार देखिँदैन । यसका लागि सबैभन्दा पहिलो परनिर्भरतालाई कम गर्नु पर्छ । हामी अहिले शतप्रतिशत देशलाई परनिर्भरतातिर धकेलेका छौं । अस्ति भारतले चामल र गहुँमा प्रतिबन्ध लगाएपछि हामी भारततिर हेरेर बस्नु बाहेक अर्को विकल्प नजिकमा रहेको देखिँदैन । भारत अब केही वर्ष भित्रै विकसित देशहरूका पक्तिमा उभिँदै छ । यसको प्रमुख कारणमा अन्न तथा औद्योगिक बस्तुमा निर्भर हुनु हो । चीनको त कुरै छाडौं । यी देशहरूलाई विकसित देश भन्दा पनि कुनै असंगति नहोला । नेपालमा परनिर्भता हटाउन आजसम्म ठोस योजना आएकै छैन । जे जस्तो योजना आएपनि त्यसलाई कार्यान्वयनमा ल्याएन । अहिले जथाभावी कामहरूले ठाउँ पाएका छन् । नेपालको भूबनोट हिमाल, पहाड र तराईले यहाँका मानिसहरूका लागि सबै आवश्यक बस्तुहरू पूर्ति गर्ने शक्ति राख्छन् । हिमाल पानीको स्रोत, पहाड तरकारी फलफूल तथा गाई बस्तुको स्रोत र तराई अन्नको भण्डार । अहिले विकसित देशहरू जनसङख्या बृद्धिलाई स्थिरीकरण गरेर कहाँ कति जनसंख्या चाहिन्छ त्यति नै बस्न दिएर देशलाई आत्मनिर्भर मात्र होइन अल्पविकसित तथा विकासशील देशहरूलाई अनुदान समेत दिएका छन् । सन् २०२१ को जनगणनाले के देखाएको छ भने हिमाल र पहाड खाली गरेर तराईलाई भर्दै छन् । अहिले तराईको जनसङ्ख्या सबैभन्दा बढी भएको छ । तराईमा रहेका जंगल, खेतीपातिका जग्गा, पर्तिधर्ति, खाली जग्गाहरू, झाडीहरू घडेरीमा परिणत भएका छन् र दिनदिनै यसको क्रम बढिरहेको छ ।

तराईलाई चुरे श्रृंखलाले संरक्षण गरेको अवस्था पनि अहिले बाँकी रहेन । चुरेमा रहेका वनजंगललाई फडानी गरेर नाँगो बनाएपछि तराईमा यसको असर देख्न थालिएको छ । तराईमा जलवायु परिबर्तन, नदीनालामा पानी बहाबमा कमी, अतिबृष्टि, अनाबृष्टि, सुख्खा, बढी गर्मी आदिले गर्दा उब्जनीमा दिनप्रतिदिन कमी हुँदै आएकाले अब यहाँ चाहिने कुराहरू पनि हामी भारतीय बजारबाट आयात गर्न बाध्य छौं । तराई र पहाडमा अर्को समस्या शहरीकरण रहेछ । गाउँका मानिसहरू आ–आफ्ना थातथलो छाडेर नगरतिर आकर्षित भएका छन् । जसले गर्दा नेपालमा अहिले जनसंख्या असन्तुलित रूपले बढ्दै गएको देखिन्छ । यसबाट नेपालमा परनिर्भरता बढेको देखिन्छ । भविष्यमा यसको प्रभाव निकै नकारात्मक पर्ने देखिन्छ । एक समय यस्तो थियो जहाँ भारतीयहरू तराईलाई भर्दै छन् भने कुरा अहिले उल्टो देखिन्छ । नेपालका मानिसहरूलाई भारत पस्न रोक लगाइ दियो भने मान्छे भोकभोकै मर्न बाध्य हुन्छन् । भारतीयहरू नेपालमा के आकर्षणले आउँछन् ।




निष्कर्षमा भन्नुपर्दा ऋणबाट मुक्त हुनका लागि परनिर्भरतालाई कम गर्दै आत्मनिर्भरतामा जोड दिनुपर्छ । यसका लागि जनसंख्या नियन्त्रण आवश्यक छ । ठाउँ अनुसार बसाइँ सराइ गर्ने अनुमति दिनुपर्छ । विदेशको पलायनलाई रोक्न नितान्त आवश्यक रहेछ । कसरी जनशक्तिलाई आफ्नै देशभित्र काम दिन सकिन्छ भने कुरामा सरकार सोच्नु पर्ने बेला आइसकेको छ । बजेटमा ऋणलाई कसरी घटाउँदै लग्ने भने कुरामा गहिरो चिन्तनमनन हुनु जसरी छ । देशमा तराई क्षेत्रलाई कसरी कृषि, पहाडलाई पशु र हिमाललाई पर्यटकीय व्यवसायीकरण गर्न सकिन्छ त्यतातिर सरकारको ध्यान जानु नितान्त आवश्यक देखिन्छ । इतिश्री ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| | ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरतीः | ८:०० बजे |
| भोगराज लाग्ने सयमः | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समयः | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समयः | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयमः | १०:०० बजे |

## मन्दिरको समय

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँभभ्रा : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## राशिफल

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
धार्मिक कार्य तथा सभासमारोहमा सहभागी भईएला,मनमा शान्ति प्राप्त हुनाले शुभ कार्य गरिएला।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
मित्रहरुसँग रमाइलो भेटघाटले आजको दिन सुखसाथ बित्ला, नाँचगान तथा बैवाहिक कार्यहरुमा सहभागी भईएला ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
विभिन्न प्रकारका आभुषण प्राप्त हुनसक्छ , पुजापाठ वा धार्मिक कार्यमा सहभागी भईएला।

ठेक्कापट्टा तथा चिठ्ठाबाट लाभ होला, आजको दिन तपाईंको बोलिको प्रभावबाट बिग्रेका कामहरु बद्लान् ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
पुजा आराधना तथा देवालयमा समय बित्नेछ, मान,सम्मान ,प्रतिष्ठा तथा कार्यकुशलतामा वृद्धि होला ।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आकस्मिक लाभका कारण मन प्रसन्न रहला। परिवारमा नयाँ सदस्यको आगमनले गर्दा घर परिवारमा रमाइलो हुनेछ ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
मध्यान्ह पछि भने कुनैपनी स्थानको व्यर्थपुर्ण यात्रा होला, होशियारि अपनाउनु होला।

**वृश्चिक -** तो,ना,नि,नु,ने,नो,या,यि,यु
आजको दिन दाजुभाइ तथा बन्धुबान्धवहरुबाट सुख प्राप्त हुनेछ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आफ्नो पराक्रमको कारणले उन्नति तथा प्रगति होला, कुनै उच्च पदस्थ व्यक्तिसँगको भेटले मनमा उत्साह आउनेछ।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
तपाईंको कार्य कुशलता तथा नेतृत्व क्षमता बढ्नेछ, कुनै पनि निर्माण सम्बन्धि कार्यहरु शुभ होला ।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
दिउँसोबाट भने स्वासप्रस्वास सम्बन्धि समस्या आउनसक्छ। कुनै लेखन तथा साहित्यिक कार्यमा मन जाला ।

धेरै समयपछि पुत्र तथा सन्तानको आगमनले परिवारमा खुसियाली छाउला।

# स्वास्थ्य संस्थामा सूचना पाटी राख्न स्वास्थ्य मन्त्रालयको निर्देशन



**रासस**
**काठमाडौँ ।**
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सबै स्वास्थ्य संस्थालाई स्वास्थ्यकर्र्मीको सुरक्षामा अवरोध पु¥याउने र हातपात गर्नेमाथि हुने कारबाहीबारे स्थायी सूचना बोर्ड राख्न निर्देशन दिएको छ ।
मन्त्रालयले बुधबार एक सूचना जारी गर्दै कम्तीमा छ फिट उचाई र चार फिड चौडा स्थायी सूचना पाटी राख्न आग्रह गरेको हो ।
मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीका अनुसार पाटीमा स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐन, २०६६ को दफा (३)मा व्यवस्था भएअनुसार हातपात, तालाबन्दी तथा तोडफोडजस्ता कार्य गर्न नहुने व्यवस्थासँगै दफा १५ मा व्यवस्था भएको कसुर र सजायको व्यवस्थाबारे जानकारी उल्लेख गर्नुपर्नेछ । उनले स्वास्थ्यकर्मीको सुरक्षामा अवरोध पु¥याउने र हातपात गर्नेमाथि कारबाही गर्न सरकार प्रतिबद्ध रहेको बताए ।
उपचारमा लापरबाही भएको शङ्का लागेमा सम्बन्धित संस्थाको प्रमुख वा जिल्ला प्रशासन कार्यालय वा नेपाल मेडिकल काउन्सिल तथा मन्त्रालयमा निवदेन दिन सकिने जारी सूचनामा बताइएको छ ।
ऐनअनुसार स्वास्थ्य संस्थामा आगजनी गरे दुईदेखि पाँच वर्षसम्म कैद वा दुई लाखदेखि पाँच लाख रुपैयाँसम्म जरिवाना वा दुवै हुने व्यवस्था छ । स्वास्थ्य संस्थामा तोडफोड, वा अन्य कुनै कार्य गरी हानी नोक्सानी पु¥याएमा र स्वास्थ्यकर्मी/ कर्मचारीलाई कुटपिट वा शारीरिकरूपमा चोट पु¥याए तीन वर्षसम्म कैद वा तीन लाख रुपैयाँ जरीवाना वा दुवै सजाय हुनसक्छ । यस्तै स्वास्थ्य संस्थामा तालाबन्दी वा घेराउ गर्ने, उपचारका लागि आएका वा उपचाररत बिरामीलाई बाधा पु¥याए र स्वास्थ्यकर्मी वा कर्मचारीलाई हातपात गरे एक वर्षसम्म कैद वा एक लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ ।

# इपिजी प्रतिवेदन सार्वजनिक गर्न विज्ञको सुझाव




**रासस**
**काठमाडौँ ।**
नेपाल–भारत प्रबुद्ध व्यक्तिहरुको समूह (इपिजी)को प्रतिवेदन सार्वजनिक गर्न विज्ञहरुले सुझाव दिएका छन् । राष्ट्रियसभा अन्तर्गतको राष्ट्रिय सरोकार समितिको बुधबार बसेको बैठकमा उनीहरुले दुई देशबीचको सीमा निर्धारण प्रक्रियालाई टुङ्गोमा पुर्याइ आधिकारिकता दिनुपर्ने भनाइ राखे ।
नेपाल–भारतबीचको सम्बन्ध, अवसर, समस्या र समाधानका विषयमा धारणा राख्दै उनीहरुले दुई देशका प्राविधिक संयन्त्रले २६ वर्ष लगाएर तयार पारेको सीमा नक्सा कार्यान्वयनमा ल्याउनुपर्नेमा जोड दिए । बैठकमा नेपाल–भारत प्रबुद्ध व्यक्तिहरुको समूह (इपिजी)का सदस्य एवं पूर्वजलस्रोत सचिव सूर्यनाथ उपाध्यायले विवादित क्षेत्रबाहेक सीमा निर्धारण प्रक्रियालाई टुङ्गोमा पुर्याइ आधिकारिता दिन संसद्मार्फत सरकारलाई सुझाव दिए । उनले भने, 'सीमा निर्धारणअनुसार दशगजाको अतिक्रमण हटाउन, सम्भव भएसम्म एकातर्फी तारबार गर्न, सीमा र नियमनका सन्दर्भमा सर्वोच्च अदालतको संयुक्त इजलासको परमादेश कार्यान्वयन गर्न आवश्यक छ ।' उनले नेपालमा रहेका भारतीयको अभिलेख स्थानीय तह र सम्बन्धित प्रहरी कार्यालयले राखी प्रत्येक छ महिनामा अद्यावधिक गर्न तथा श्रम कानुनको व्यवस्थाअनुसार श्रम स्वीकृतिलाई सङ्गठित र असङ्गठित दुवै क्षेत्रमा प्रभावकारीरुपमा लागू गर्नुपर्ने बताए । उपाध्यायले सीमा नाका नियमन र व्यवस्थित नभएसम्म नेपालले लागुऔषध ओसारपसार, मानव बेचविखन, आपराधिक क्रियाकलापलगायत शान्ति सुरक्षासम्बन्धी चुनौतीको सामना गर्नुपर्ने अवस्था कायम रहेकाले सदनमा यस्ता विषय प्रभावकारीरुपमा उठाइनुपर्नेमा जोड दिए । नेपाल–भारतबीच आवतजावतका लागि २६ वटा नाका रहे पनि खुला सीमा रहेकाले जहाँबाट पनि सीमा पार गर्न सकिने विषयलाई दुवै पक्षले बुझ्न जरुरी रहेको उनीहरुको भनाइ छ । नापी विभागका पूर्वमहानिर्देशक तोयानाथ बरालले दुई देशबीचको सीमा नियमनलाई एकीकृतरुपमा व्यवस्थित गर्न आवश्यक रहेको बताए । उनले सन् १९८२ देखि २००७ सम्म २६ वर्ष लगाएर तयार गरिएको एक सय ८२ स्थानको सीमासम्बन्धी नक्सा कार्यान्वयनमा ल्याउन सरकारलाई सुझाव दिए ।

# चाडबाडमा सार्वजनिक यातायात सहज बनाइने



**रासस**
**काठमाडौँ ।**
भौतिक पूर्वाधार तथा यातायात व्यवस्थामन्त्री प्रकाश ज्वालाले दसैँ, तिहार र छठ पर्वको समयमा बढी आवातजावत हुने भएकाले सार्वजनिक यातायातलाई सहज बनाइने बताएका छन् ।
प्रतिनिधिसभा अन्तर्गतको यातायात पूर्वाधार विकास समितिको बुधबारको बैठकमा मन्त्री ज्वालाले सीमित स्रोतका बाबजुद पनि चाडबाडमा सार्वजनिक यातायात यात्रुमैत्री बनाउन सरकारले विशेष ध्यान दिने बताए । उनले भने, 'बजेट कम भए पनि चाडबाडलाई लक्षित गरी राजमार्गको मर्मत तथा कच्ची सडक स्तरोन्नतिका लागि सम्बन्धित निकायबीच आवश्यक समन्वय र सहजीकरण गर्न सरकार प्रतिबद्ध छ ।' निरन्तरको वर्षाका कारण सडक मर्मत प्रभावित भइरहेको जनाउँदै मन्त्री ज्वालाले दसँैलगायतका पर्वमा यात्रा गर्नेका लागि अग्रिम टिकट बुकिङदेखि विनासास्ती गन्तव्य पुग्ने र फर्कनका लागि सहज बनाउनका लागि मन्त्रालयले काम गरिरहेको जानकारी दिए । यस वर्षको दसैँको अवसरमा काठमाडौँ उपत्यकाबाट कम्तीमा १५ लाख यात्रु विभिन्न जिल्लामा जाने अनुमान गरिएको छ । सरकारले दसँैलगायतका चाडपर्वका लागि दैनिक उपभोग्य वस्तुलगायतमा हुनसक्ने कालोबजारी, मिसावट, कृत्रिम अभाव रोक्नका लागि प्रभावकारी संयन्त्र परिचालन गरिरहेको उनको भनाइ छ । बैठकमा समिति सदस्य ठाकुर गैरे, महेश बस्नेत, प्रतिमा गौतम, दिनेशकुमार यादव, माधव सापकोटालगायतले चाडबाडलाई लक्षित गरी यात्रुको यात्रा सहज बराउन प्रत्येक स्थानीय तहलाई सडक मर्मत र स्तरोन्नतिका लागि आवश्यक बजेट उपलब्ध गराउन माग गरेका थिए । चाडपर्वलाई सुखद् बनाउन यात्रुको सुरक्षामा ध्यान दिन उनीहरुले आग्रह गरे । दसैँमा घर जाने सन्दर्भमा उपत्यकाबाट बाहिरिने नाकामा हुने सवारीको चाप व्यवस्थापन तथा यात्राका क्रममा होटलमा यात्रुको खानामा हुनसक्ने मूल्यवृद्धि नियन्त्रणका लागि पनि ध्यान दिन उनीहरुले सुझाव दिए ।

# सरकारी दस्तावेजलाई ब्रेललिपि र अडियोमा पनि बनाउन माग



**रासस**
**सुर्खेत ।**
जिल्लाको वीरेन्द्रनगर–३ का सुरेश खड्का पूर्णरूपमा दृष्टिविहीन व्यक्ति हुन् । पाँच वर्षको उमेरमा उनले आफ्नो दुबै आँखाको ज्योति गुमाउनुप¥यो । सुरेशले सानै कक्षादेखि ब्रेललिपिमा पढे । पढाइमा अब्बल उनले ब्रेल लिपिबाटै पढेर सामाजिक कार्यमा स्नातकोत्तर गरेका छन् । उनी अहिले वीरेन्द्रनगरको एक विद्यालयमा स्थायी शिक्षक समेत हुन् । विभिन्न अपाङ्गता भएका व्यक्तिहरूको अधिकारका सवालमा आवाज उठाउँदै आएका उनलाई ऐन, नियम र कानुनी दस्तावेजहरू अध्ययन गर्न अन्य व्यक्तिको सहयोग चाहिन्छ । सरकारी कागजपत्र र सूचनाहरू ब्रेललिपिमा नहुँदा उनलाई शिक्षा र सूचना लिन धेरै समस्या भएको छ । उनी भन्छन्, 'म पढे लेखेको पनि छु, आफै शिक्षक पनि हुँ । तर सरकारी कागजपत्रहरू पढ्दा अर्को सहयोगी चाहिन्छ, मैले पढ्नको लागि अर्को सहयोगीको समेत समय खर्च गर्नुपर्ने अवस्था भएकाले सरकारी सूचना र कागजातहरू ब्रेललिपिमा पनि उपलब्ध गराउन म माग गर्दछु ।' जब उनी कुनै कार्यालयमा सेवा लिन जान्छन्, त्यहाँ राखिएका नागरिक बडापत्रमा लेखिएका कुराहरू अरुको सहायतामा थाहा पाउनुपर्छ । त्यसमा लेखिएका कुराहरू ब्रेललिपिमा अथवा अडियो साउण्डमा भइदिएको भए आफू जस्तै दृष्टिबिहीनहरूलाई सहज हुने उनको भनाइ छ ।
सु◌ुर्खेत सिम्ता गाउँपालिका–६ का योगेन्द्र शाही पनि दृष्टिबिहिन छन् । स्नातक उत्तीर्ण गरेका उनी राष्ट्रिय अपाङ्ग महासङ्घ कर्णाली प्रदेशको प्रदेश परियोजना कार्यदल संयोजक हुन् । गाउँपालिकासँग समन्वय गरेर उनले विभिन्न क्रियाकलाप गर्नुपर्छ तर गाउँपालिकाका कागजपत्रहरू अपाङ्गतामैत्री नहुँदा निकै कठिनाई भोग्नु परेको छ । न त नागरिक बडापत्रमा अडियोमा राखिएको छ, न त गाउँपालिकाले जारी गर्ने सूचनाहरू दृष्टिबिहिन व्यक्तिहरूले थाहा पाउन सक्छन् । शाही भन्छन्, 'मैले बारम्बार यो विषयमा गाउँपालिकामा कुरा उठाएको छु । अब दृष्टिबिहिनहरू सजिलै थाहा पाउने गरी ब्रेललिपि र प्रत्येक सूचनामा अडियोको व्यवस्था गर्छौं भन्नुभएको छ तर हुन सकेको छैन् । हामी दृष्टिबिहिन भएका व्यक्तिहरूको लागि सूचना प्राप्त गर्न धेरै असजिलो छ । सरकारी कार्यालयहरूमा यसमा सहजता ल्याइनुपर्छ ।' संविधानमा सबै नागरिकलाई समावेशी सिद्धान्तको आधारमा हरेक क्षेत्रमा सहभागिता गराइने व्यवस्था भए पनि दृष्टिबिहिनहरूले भने त्यसको अनुभूति गर्न नसकेको उनको भनाइ छ । सिम्ता गाउँपालिका–६ कै वीरेन्द्र ओलीको पिडा पनि उस्तै हो । ओली पनि बे्रललिपिमै पढेर अहिले स्नातक तहमा अध्ययनरत हुन् । उनलाई पनि सरकारी कार्यालयका कागजपत्रहरू दृष्टिबिहिनमैत्री नहुँदा सूचना पाउन असहज भइरहेको छ । 'कहाँ रोजगारी खुलेको छ ? कार्यालयहरूको कुन ठाउँबाट के सेवा पाइन्छ ? भनेर मैले अरु मानिस सरह राखेर थाहा पाउन सक्दिन । सबै सेवाको पहुँचमा पु¥याउनको लागि सरकारी सूचनाहरू ब्रेललिपिसहित अडियोमा समेत बनाइनुपर्छ', उनले भने । उनीहरू जस्तै कर्णालीमा नौ हजार ७३९ जना दृष्टिबिहिन छन् । उनीहरूलाई सरकारी सूचना र सेवा लिनको लागि निकै समस्या भएको छ । सार्वजनिक संरचनाहरू पनि दृष्टिबिहिनमैत्री नहुँदा अनेक सास्ती भोगिरहनुपरेको उनीहरूको गुनासो छ । श्रवणशक्ति नभएका व्यक्तिहरूले समेत आफूहरूको लागि हरेक कार्यालयमा दोभाषेको व्यवस्था गर्न माग गरेका छन् । उनीहरूले संसदमा समेत दोभाषे राख्न सुझाव दिएका छन् ।

**कानुन अपाङ्गतामैत्री भएनः सरोकारवाला**

कर्णाली प्रदेश सरकारले बनाएका ऐन, नियमहरू अपाङ्गतामैत्री बन्न नसकेको सरोकारवालाहरू बताउँछन् । राष्ट्रिय अपाङ्ग महासङ्घ कर्णाली प्रदेशका अध्यक्ष विष्णु शर्मा लैङ्गिक समानता र सामाजिक समावेशीकरणसम्बन्धी सरकारले बनाएका नीति अपाङ्गतामैत्री नभएको बताउँछन् । उनी भन्छन्, 'संविधानले नै सामाजिक विकास मन्त्रीको संयोजकत्वमा प्रदेशमा अपाङ्गता निर्देशक समिति गठन गरेर सरकारको तर्फबाट काम गर्ने उल्लेख गरेको छ, त्यो समिति गठन गरेर जाने भनेर निर्णय पनि भएको थियो । तर अहिलेसम्म समिति गठन नै हुन सकेको छैन ।'
उनले प्रदेश सरकारले संसदमा पेश गरेको निजामती सेवासम्बन्धी ऐनमा अपाङ्गता आरक्षणको व्यवस्था गरिएको भए पनि आफूहरूको माग उमेरका आधारमा आरक्षण दिनुपर्ने रहेको बताए । 'प्रदेश सरकारले संसदमा निजामती सेवासम्बन्धी ऐन टेबुल गरेको छ, त्यो ऐनमा अपाङ्गतालाई आरक्षण भनिए पनि त्यसमा उमेरको आधारमा अपाङ्गता आरक्षण लेखिनुपर्छ', उनले भने ।

**नीति बनाउन पहल गर्छौंः सांसदहरू**

कर्णाली प्रदेशसभा सदस्यहरूले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार प्राप्तिका लागि नीति निर्माण गर्न पहल गर्ने प्रतिबद्धता जनाएका छन् । उनीहरुले आफूहरूको तर्फबाट संसदमार्फत भएका ऐन नियममा संशोधन र अब बन्ने ऐन, नियमहरू अपाङ्गतामैत्री बनाउन पहल गर्ने प्रतिवद्धता जनाएका हुन् । सांसद कलबहादुर हमालले प्रदेशमा बन्ने भौतिक संरचनाहरूलाई अपाङ्गतामैत्री बनाउन पहल गर्ने गरी आफूले संसदमा कुरा राख्ने प्रतिवद्धता व्यक्त गरे । 'मैले अपाङ्गताका सवालमा विगतदेखि नै आवाज उठाउँदै आएको छु र अझै पनि उठाउने प्रतिवद्धता व्यक्त गर्छु' उनले भने, 'प्रत्येक विद्यालयमा दोभाषे शिक्षाको आवश्यकता छ । यस सम्बन्धमा सरकारले नीति बनाउन आवश्यक छ ।' सांसद गमता शाहीले पनि अपाङ्गताको क्षेत्रमा विगतभन्दा केही सुधार भएको भन्दै त्यो पर्याप्त भने नभएको बताइन् । अर्का सांसद हिक्मत विष्टले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार र सहजताका लागि कर्णाली प्रदेशबाट बन्नुपर्ने कानुनहरू चाँडै बनाउन पहल गर्ने धारणा राखे । उनी आफैँ पनि शारीरिक रूपमा अपाङ्गता भएको व्यक्ति हुन् । सांसद सुरेश अधिकारीले सदनमा समेत दोभाषेको व्यवस्था गर्न आवश्यक रहेको बताइन् । उनले भनिन्, 'सदनमा बोलिएका सार्वजनिक चासोका विषयवस्तुहरू अन्य व्यक्ति सरह अपाङ्गता भएका व्यक्तिहरूले पनि सुन्नका लागि साङ्केतिक भाषा र अडियोमा सुन्न पाउनुपर्छ ।' पछिल्लो जनगणनाअनुसार कर्णाली प्रदेशमा ५३ हजार ५२ अपाङ्गता भएका व्यक्ति रहेको तथ्याङ्क छ । संविधानले परिकल्पना गरेअनुसारको समाजवाद प्राप्त गर्न सबै वर्ग समुदायलाई हरेक क्षेत्रमा पहुँच पु¥याउने गरी नीति निर्माण हुनुपर्ने माग सरोकारवालाहरूले उठाउँदै आएका छन् ।

# भरतपुर भ्रमण वर्षमा विदेशी पर्यटक भित्र्याउन पहल



**रासस**
**चितवन ।**
भरतपुर भ्रमण वर्षमा विदेशी पर्यटक भित्र्याउन पहल गरिएको छ । सन् २०२४ लाई भरतपुर महानगरपालिकाले भ्रमण वर्ष मनाउन लागेको हो । महानगरपालिकाले अन्तरराष्ट्रिय गैरआवासीय नेपाली सङ्घका प्रवक्ता सोम सापकोटालाई भ्रमण वर्ष अन्तर्राष्ट्रिय समन्वय समितिको संयोजक बनाएर विश्वभर रहेका नेपालीहरूलाई भ्रमण वर्षमा आमन्त्रण गरिँदै छ । सापकोटाका अनुसार सामाजिक सञ्जालमार्फत ५४ देशका नेपालीहरूलाई एउटा ग्रुपमा समेटिएको छ । क्रमशः थप देश र व्यक्ति जोडिने क्रम जारी छ ।
त्यहाँ रहेका चितवनवासी र नेपालीहरूलाई भ्रमण वर्षमा नेपाल आउन आग्रह गरिएको छ । यससँगै काम गर्ने साथीहरूलाई भरतपुर ल्याउन 'एक जना साथी भरतपुर ल्याउँ' अभियान थालिएको छ । आफू काम गर्ने संस्थाका प्रमुख वा अन्य व्यक्तिहरूलाई समेत निम्तो दिएर भ्रमण वर्षमा यहाँ ल्याउन आग्रह गरिएको सापकोटाले बताए । उनीहरूमार्फत नै स्थानीय सरकारसँगै विभिन्न सङ्घ संस्थासँग समन्वय गरेर पर्यटकलाई भरतपुर भ्रमण गर्न पठाउन आग्रह गरिएको छ । नेपालीहरूले सञ्चालन गरेका होटल, रेष्टुरेन्ट, पसलहरूमा भ्रमण वर्षका पोष्टर राख्न, भ्रमण वर्षसम्बन्धी तयार गरिएका डिजिटल सामग्री प्रसारण गर्न आग्रह गरिएको छ । यसैगरी राजदूतावासहरूमा भ्रमण वर्षसम्बन्धी पोष्टर, पम्प्लेट जस्ता सामग्री राखिँदै छ । सम्बन्धित देशका गैरआवासीय नेपाली सङ्घका अध्यक्षहरूलाई सल्लाहकार बनाएर भ्रमण वर्षमा अधिकतम पर्यटक भरतपुर भित्र्याउने योजना बनाइएको छ । गैरआवासीय नेपाली सङ्घको सम्मेलनको पूर्वसन्ध्यामा अक्टोबर १४ तारेखमा भरतपुरमा अन्तर्राष्ट्रिय समन्वय समिति चितवन समाजको सम्मेलन हुँदैछ । यसले विदेशमा रहेका नेपालीहरूलाई भ्रमण वर्षमा यहाँ आमन्त्रण गर्न र योजना बनाउन सहज हुने भएको छ । विश्वमा एक सय १२ भन्दा बढी देशमा नेपाली रहेका छन् । महानगर प्रमुख रेनु दाहालले अन्तर्राष्ट्रिय समन्वय समितिमार्फत विदेशमा रहेका भरतपुरवासी, चितवनवासी र समग्र नेपालीलाई भ्रमण वर्षमा निम्तो दिन लागिएको बताए । यसैगरी कूटनीतिक नियोग र गैरआवासीय नेपाली सङ्घमार्फत विश्वभर भ्रमण वर्षको प्रचारको काम गर्ने तयारीमा रहेको उनले जानकारी दिए । आफूहरू विदेश भ्रमणमा जाँदा भेटिएका त्यहाँका अधिकारीहरूलाई मौखिक रूपमा निम्तो दिने काम भइरहेको उनले जानकारी दिए ।
आन्तरिक र बाह्य पर्यटकलाई आमन्त्रणसँगै पर्यटकको बसाइँ लम्ब्याउन महानगरपालिकाले नयाँ गन्तव्यको खोजीसँगै तयारी तीव्र रूपमा अघि बढाएको छ । यहाँ आउने पर्यटकका लागि पहिलो रोजाइ चितवन राष्ट्रिय निकुञ्ज र त्यहाँका दुर्लभ वन्यजन्तु हुन् । आएका पर्यटकलाई बाघ देखाउनका लागि महानगरपालिकाको देवनगरमा खुल्ला खोर बनाइँदै छ । दाहालले भने, 'भरतपुर आएका पर्यटकले बाघ नहेरी फर्किन नपरोस् भनेर काम अघि बढाएका छौं ।' ऐतिहासिक महत्व बोकेको दियालो बङ्गला खुल्ला गर्ने अन्तिम तयारीमा महानगर जुटेको छ ।
महानगरपालिकाका उपप्रमुख चित्रसेन अधिकारीले भ्रमण वर्षको तयारी तिव्र गतिमा अघि बढेको बताए । स्वदेशी र विदेशी पर्यटक उल्लेख्य रूपमा आउनेमा आफूहरू विश्वस्त रहेको उनको भनाइ छ । महानगरभित्रका महत्वपूर्ण पर्यटकीय गन्तव्यहरूलाई व्यवस्थित गर्ने र नयाँ गन्तव्यको खोजीमा महानगर जुटेको उनले बताए । भ्रमण वर्षमा चार लाखभन्दा बढी विदेशी पर्यटक भित्रिने अपेक्षा गरिएको छ । अधिकारीले नेपाल भित्रिने पर्यटकमध्ये धेरै भरतपुर ल्याउने गरी तयारी भइरहेको बताए । यसका लागि नेपालमा पर्यटन क्षेत्रमा काम गर्ने विभिन्न सङ्घ संस्थाहरूसँग समन्वय गर्ने काम भइरहेको छ ।
चितवन देशकै तेस्रो पर्यटकीय गन्तव्य हो । कोभिडपछि थला परेको यहाँको पर्यटकीय गतिविधिलाई भ्रमण वर्षले टेवा पुग्ने अपेक्षा गरिएको छ । महानगरपालिकाले विभिन्न समिति निर्माण गरेर भ्रमण वर्षका गतिविधि अघि बढाएको छ । भरतपुरमा मेघौली, पटिहानी, जगतपुर, देवनगरलगायत मुख्य सहरी क्षेत्रमा पर्यटकीय होटल रहेका छन् । यहाँ सूर्योदयका लागि चौकीडाँडादेखि सूर्यास्तका लागि गोलाघाटसम्म पर्यटकीय गन्तव्य रहेका छन् । राप्ती र नारायणी नदीको बीचमा रहेको भरतपुर महानगरको राप्तीतर्फको भाग निकुञ्जसँग जोडिएको छ । त्यसका कारण पर्या–पर्यटनका हिसाबले यसलाई देशकै महत्वपूर्ण ठाउँका रूपमा लिन थालिएको छ ।

# फड्के किराको प्रकोपः धानबालीमा व्यापक नोक्सानी



**रासस**
**कञ्चनपुर ।**
शुक्लाफाँटा नगरपालिकाका किसानको धान रोपेको खेतमा खैरो फड्के किराले व्यापक नोक्सानी पुर्याएको छ । नगरपालिका–१, ६ र १२ का किसानको पाक्नै लागेको धानबालीमा फड्के किराको प्रकोप देखापरेको छ । फड्के किराले पात र डाँठको रस चुसेर खाँदा धानका बोट पाक्न नपाई मर्न थालेका छन् । धान पाक्नै नपाई मर्न थालेपछि उत्पादन घट्ने चिन्ता किसानलाई छ । वडा नं १ बन्साहाका किसान नरबहादुर कुवँरले पाँच कट्ठा जग्गामा लगाइको धान बाली फड्के किराका कारण सखाप भएको बताए । 'धान पाक्नै लाग्दा किराको प्रकोप देखा पर्यो', उनले भने, 'हेर्दा हेर्दै दुई÷तीन दिनमै पूरै धानका बोट मरेका छन् ।' अरू खेतमा किरा सर्नबाट रोक्नका लागि विषादी छर्ने कार्य गरिरहेको उनले बताए ।
फड्के किराको प्रकोप देखा परेका क्षेत्रमा धानको उत्पादन २० देखि ३० प्रतिशतसम्म घट्न सक्ने नगरपालिकाको कृषि विकास शाखाका प्रमुख करन बुढाऐरले बताए । 'केही ठाउँमा किराको प्रकोपले पूरै धानबाली पाक्न नपाउँदै सुकेको छ', उनले भने, 'कुनै ठाउमा भर्खर किराको प्रकोप देखिएको छ, किसानलाई कृषि शाखाबाट निःशुल्क रूपमा फड्के किरा मार्नका लागि एजाडिराक्टिन र एसिफेट नामक विषादी वितरणको कार्य गरिरहेका छौँ ।' किराको सङ्ख्या हेरी एक हप्ताको फरकमा विषादी छर्कनका लागि किसानलाई सल्लाह दिन थालेको जनाउँदै उनले किसानलाई धानका बिरुवाको फेदमा पर्ने गरी विषादी छर्कन लगाउन लागेको बताए । फडके किराको प्रकोप तीन वडामा बढी देखिए पनि फाटफुट रूपमा नगरपालिकाका १२ वटै वडामा देखिएको उनले बताए । किसानले किराको प्रकोप हुन लागेका बेला सावधानी अपनाउन नसक्दा बढी क्षति ब्यहोर्नुपरेको उनाले बताए । नगरपालिकाको खेतीयोग्य जग्गाको ९० प्रतिशत क्षेत्रमा धान खेती हुने गरको छ ।


# बाढीमा २३ भारतीय सैनिक बेपत्ता



**एएफपी**
**गुवाहाटी ।**
उत्तरपूर्वी सिक्किम प्रान्तमा भीषण वर्षाका कारण टिस्टा नदीमा आएको शक्तिशाली बाढीमा परी २३ सैनिक बेपत्ता भएको भारतीय सेनाले बताएको छ ।
'उत्तर सिक्किमको ल्होनाक तालमा अप्रत्याशितरूपमा भीषण वर्षा हुँदा टिस्टा नदीमा बाढी आयो, २३ सैनिक बेपत्ता भएको र केही सवारी साधन डुबेको खबर छ', सेनाले भनेको छ, 'खोजी कार्य जारी छ ।' दुर्गम क्षेत्र नेपालसँग भारतको सीमा नजिक पर्छ । साथै ल्होनाक ताल विश्वको तेस्रो सबैभन्दा अग्लो हिमाल कञ्चनजङ्घामा रहेको हिमनदीको फेदमा अवस्थित छ ।
चुङथाङ्ग बाँधभन्दा माथि पानी छोडिएका कारण सामान्य अवस्थाभन्दा पानीको सतह पहिला नै १५ फिट माथि रहेको टिस्टामा बाढी आएको सेनाले बताएको छ । भारतीय सेनाका प्रवक्ताले जारी गरेको एउटा भिडियोमा जङ्गली क्षेत्रमा पानीको तीव्र धारले सडकहरू बगाएको र बिजुलीका तारहरू चुँडाएको देखाइएको छ ।
सामान्यतया भारतमा जुनदेखि सुरु भएर सेप्टेम्बरमा सकिने मनसुनको समयमा अचानक बाढी आउनु सामान्य हो । अक्टोबरसम्ममा मनसुनी वर्षा सामान्यतया सकिसकेको हुन्छ ।

**विषाक्त खानाका कारण भारतमा एक सयभन्दा बढी विद्यार्थी बिरामी**
भारतको मध्यप्रदेशस्थित एक सरकारी शारीरिक शिक्षा संस्थानका एक सयभन्दा बढी विद्यार्थीलाई विषाक्त खानाका कारण बिरामी भएर अस्पताल भर्ना गरिएको अधिकारीहरूले बताएका छन् ।
मध्यप्रदेशको राजधानी भोपालबाट करिब चार सय ३२ किलोमिटर टाढा ग्वालियरमा लक्ष्मीबाई राष्ट्रिय शारीरिक शिक्षा संस्थानमा घटना भएको हो । वाकवाकी लाग्ने, पेट दुख्ने र वान्ता भएको गुनासो गरेपछि १८ देखि २५ वर्ष उमेर समूहका ती विद्यार्थीलाई मङ्गलबार तत्काल सरकारी अस्पतालमा भर्ना गरिएको थियो ।
अस्पतालका सुपरिटेन्डेन्टका अनुसार गम्भीर अवस्थामा रहेका एक विद्यार्थीलाई भेन्टिलेटरमा राखिएको छ भने अन्यको अवस्था स्थिर रहेको छ ।

# गाउँपालिकाको अनुदानमा व्यावसायिक फूलखेती



**रासस**
**स्याङ्जा ।**
स्याङ्जाको कालीगण्डकी गाउँपालिकामा व्यावसायिक सयपत्री फूलखेती गरिएको छ । गाउँपालिकाका विभिन्न वडाका समूह, सहकारी तथा व्यक्तिले ६० रोपनी क्षेत्रफलमा व्यावसायिक फूलखेती गरेका हुन् । सुरुआतमा गाउँपालिका आफैँले फूलखेती गरी राम्रो आम्दानी गरेसँगै पालिकाका विभिन्न समूह सहकारी तथा व्यक्ति अभिप्रेरित भई पालिकाको अनुदानमा फूलखेतीमा आकर्षित भएका हुन् । पालिकाले केही वर्षदेखि थालेको व्यावसायिक फूलखेतीबाट सफलता प्राप्त गरेसँगै अहिले यहाँका समूह, सहकारी तथा व्यक्तिहरूले पनि व्यावसायिक फूलखेती थालनी गरेको गाउँपालिकाका कृषि अधिकृत अनुप पौडेलले बताए ।
गाउँपालिकाभित्र फूलखेती गर्न इच्छुकलाई उत्पादनमा आधारित रहेर ५० प्रतिशत अनुदान उपलब्ध गराइने उनले जानकारी दिए ।
'अहिले गाउँपालिकाका विभिन्न १६ स्थानमा करिब ६० रोपनी क्षेत्रफलमा व्यावसायिक फूलखेती भएको छ', उनले भने, 'फूलखेतीको अनुदानका लागि कम्तीमा पनि दुई रोपनी जग्गामा अनिवार्य फूल लगाउनुपर्ने छ, दुई रोपनी क्षेत्रफलभन्दा तल अनुदान दिँदैनौँ ।' गाउँपालिकाले प्राविधिक सहयोग गर्ने तर सुरुआतमा किसानले आफ्नै लगानीमा बीउबिजन, मलखाद, मल्चिङ प्लाष्टिक, डोरीलगायतको व्यवस्थापन गर्नुपर्छ । किसानले फूल उत्पादन गरेपश्चात प्रतिरोपनी नौ हजार रुपैयाँका दरले एकमुष्ट अनुदान गाउँपालिकाले उपलब्ध गराउँनेछ । 'फूलखेती गर्दा प्रतिरोपनी अठार हजार रुपैयाँ अनुमानित लागत लाग्छ', उनले भने, 'कार्यसम्पादन प्रतिवेदनका आधारमा किसानलाई प्रतिरोपनी नौ हजार रुपैयाँका दरले एकमुष्ट अनुदान उपलब्ध गराउँछौं ।'
दसैंतिहारलाई लक्षित गरी अहिले गाउँपालिकाका विभिन्न ठाउँमा 'कर्मा ५५५' जातको फूलखेती गरिएको छ । गाउँपालिका आफैँले पनि वडा नं ४ को पुछार भन्ने स्थानमा ड्रागन बगैँचामा मिश्रितरूपमा फूलखेती गरेको छ । पालिकाले झण्डै १५ रोपनी क्षेत्रफलमा व्यावसायिक फूलखेती गर्दै आइरहेको छ । पालिकाले गरेको फूलखेतीबाट राम्रो आम्दानी हुन थालेपछि पछिल्लो समय सामूहिकरूपमा फूलखेतीलाई व्यावसायिकतातर्फ अगाडि बढाउने क्रम बढ्दै गइरहेको छ । मकै, कोदो तथा विभिन्न जातका गेडागुडी लगाउने बारीमा अहिले फूलखेती देख्न सकिन्छ । कालीगण्डकी गाउँपालिका–७ बारीचौरमा सामूहिक चार रोपनी क्षेत्रफलमा फूलखेती गरिएको छ । स्थानीय घनबहादुर थापा मकै, कोदो तथा गेडागुडीबाट भन्दा फूलखेतीबाट आम्दानी राम्रो हुन थालेकाले सामूहिकरूपमा फूलखेती गरेको बताए । 'दसैंतिहारलाई लक्षित गरी मैले व्यक्तिगत तथा सामूहिकरूपमा पनि फूलखेती गरेका छौँ', उनले भने, 'गत वर्ष फूल बिक्रीबाट डेढ लाख रुपैयाँभन्दा बढी आम्दानी भएको थियो, अहिले पनि राम्रो छ ।' गाउँमा घरबास (होमस्टे) पनि सञ्चालनमा रहेकाले यहाँ आउने पाहुनालाई स्वागतका लागि पनि फूलको प्रयोग हुने गरेको छ ।
हालसम्म उत्पादन भएको फूलले राम्रै बजार पाएको कृषि अधिकृत पौडेलले बताए । यहाँ उत्पादन भएको फूल स्थानीय बजारसहित पोखरा, बुटवल, नारायणगढ, काठमाडौँ, दाङ, सुर्खेतलगायतका बजारमा खपत हुने गरेको उनले बताए ।

# अमेरिकी कांग्रेसको भ्रमणलाई चीनले स्वागत गर्ने



**एएफपी**
**बेइजिङ ।**
अमेरिकी सिनेटका बहुमत नेता चक सुमर र अन्य वरिष्ठ सांसदहरूको आसन्न चीन भ्रमणको बेइजिङले स्वागत गर्ने जनाएको छ । भ्रमणलेचीनका बारेमा उनीहरूको 'बुझाइ' बढ्ने आशा गरिएको बेइजिङले बताएको छ । हालैका वर्षमा दुवै मुलुकबीच उच्चस्तरमा रहेको सुरक्षा र आर्थिक विषयको तनावलाई दुवै पक्षले मत्थर पार्ने प्रयास गरिरहेका बेला आगामी साता हुने प्रतिनिधिमण्डलको भ्रमण अमेरिकी अधिकारीहरूको चीन भ्रमणको शृङ्खलामा सबैभन्दा नयाँ हुनेछ । 'यस भ्रमणले अमेरिकी कांग्रेसको चीनप्रतिको वस्तुनिष्ठ बुझाइलाई अभिवृद्धि गर्नेछ भन्ने हाम्रो अपेक्षा छ, यो भ्रमणलाई स्वागत गर्दछौँ', चीनको विदेश मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ । आसन्न भ्रमणले दुई मुलुकका विधायिका निकायबीचको वार्ता र आदानप्रदानलाई प्रवद्र्धन गर्ने तथा चीन–अमेरिकाबीचको विकासमा सकारात्मक पक्षलाई सामेल गर्ने आशा गरिएको पनि मन्त्रालयले जनाएको छ ।
सुमरको चीन भ्रमणमा रिपब्लिकन सिनेटर माइक क्र्यापो पनि सहभागी हुनेछन् ।
अमेरिकी सञ्चारमाध्यमका अनुसार छ सदस्यीय प्रतिनिधिमण्डलले चिनियाँ राष्ट्रपति सि जिनपिङसँग भेटवार्ता गर्ने अपेक्षा गरिएको छ । साथै प्रतिनिधिमण्डलले चीनमा अमेरिकी व्यवसायहरूका लागि वातावरण निर्माण गर्नेदेखि लिएर मानवअधिकारसम्मका मुद्दाहरू उठाउन खोज्नेछ । सिनेटर सुमरको कार्यालयलाई उद्धृत गर्दै न्युयोर्क टाइम्सले चीन भ्रमणका क्रममा प्रतिनिधिमण्डल दक्षिण कोरिया र जापानमा पनि केही बेर रहने जनाएको छ । हालै अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिङ्केन, अर्थमन्त्री ज्यानेट येलेन र जलवायु दूत जोन केरीको हालैको चीन भ्रमणपछि यो भ्रमण हुन लागेको हो । सुमर र उनका सहयोगी विधायकहरूले मे महिनामा चीनको अत्याधुनिक प्रविधि र लगानीको प्रवाहलाई सीमित गरेर चीनको बढ्दो विश्वव्यापी प्रभावसँग लड्न डेमोक्रेटिक र रिपब्लिकन दुवै दलको ठूलो प्रयासको घोषणा गरेका थिए ।

# अमेरिकी सभामुख म्याककार्थीलाई पदबाट हटाइयो



**एपी**
**वासिङ्टन ।**
अमेरिकी इतिहासमा पहिलो पटक अमेरिकाको तल्लो सदन (हाउस अफ रिप्रेजेन्टेटिभ) का सभामुख केभिन म्याककार्थीलाई पदबाट हटाइएको छ । कुनै पनि हालतमा राजीनामा नदिने भन्दै आएका म्याककार्थीका लागि यसबाहेक कुनै विकल्प बाँकी थिएन ।
उनलाई निष्कासन गर्ने रिपब्लिकनहरू उनको पक्षमा थिएनन् भने डेमोक्र्याट सांसदहरू पनि उनलाई पदमा राखिरहन वार्ताका लागि तयार थिएनन् ।
मङ्गलबार बेलुका सांसदहरूलाई उनले सभामुखका लागि फेरि उम्मेदवार नबन्ने बताएका थिए ।
रिपब्लिकनहरूको बहुमत रहेको तल्लो सदनलाई नेतृत्व गर्ने स्पष्ट उत्तराधिकारी नहुँदा अर्को चरण थप अन्योल भएको छ ।
रिपब्लिकनहरूले अर्को सभामुख चयन नगरुन्जेल सदनको कारबाही अर्को सातासमम्मका लागि स्थगित गरिएको छ । 'मैले मतदानमा बहुमत गुमाएको हुन सक्छ तर यो कक्षबाट बाहिर निस्कँदा सभामुख पदको सेवा गर्न पाएकामा आफूलाई भाग्यमानी महसुस गरेको छु', पत्रकार सम्मेलनमा म्याककार्थीले भने, 'म केही पनि परिवर्तन गर्दिन ।'
म्याककार्थीका मुख्य प्रतिद्वन्द्वी फ्लोरिडा राज्यका रिपब्लिकन सांसद म्याट गेट्जले सभामुख पद खाली गराउन दुर्लभ मतदानको व्यवस्था गरे र नाटकीयरूपमा दिउँसो त्यसलाई अगाडि बढाएका थिए । गत जनवरीमा रिपब्लिकनहरूको झिनो बहुमतमा म्याककार्थी सभामुख बनेका थिए । त्यतिबेला उनलाई सभामुख बन्न रोक्न खोज्ने आठ जना कट्टर दक्षिणपन्थी रिपब्लिकनहरूले यस पटक अनिवार्यरूपमा सभामुखबाट हटाए । बैठकको अध्यक्षता गरेका अधिकारीले म्याककार्थीका पक्षमा दुई सय १० र विपक्षमा दुई सय १६ मत आएको भन्दै सभामुख पद रिक्त भएका घोषणा गरेका थिए । त्यसको केही समयमा म्याककार्थीका शीर्ष सहयोगी रिपब्लिकन सदस्य प्याट्रिक म्याकहेनरी आर एन सीलाई सदनको नियमानुसार अर्को सभामुख चयन नभएसम्मका लागि काम गर्न नियुक्त गरियो ।

# आम्दानीको स्रोत बन्दै बाँकोको गुन्द्रुक



रासस
बागलुङ ।
प्लास्टिकभित्र रहेको गुन्द्रुकसँगै हरियो सागको तीनपात देखिने 'लेबलिङ पेपर'ले दमेकका किसानले उत्पादन गरेको जङ्गली बाँकोलाई प्रस्ट चिनाउँछ । एक पटक बाँकोको स्वाद लिएका जो–कोहीलाई लोभ्याउने गरी यहाँका किसानले जङ्गलमा सङ्कलन गरेको बाँकोको गुन्द्रुक 'लेबलिङ' र 'प्याकेजिङ' गरेर बजारमा ल्याएका छन् । छुँदै चिलाउने वनस्पतिलाई सहरका भान्सामा पु¥याउने अभियान यहाँका किसानले थालेका हुन् । समूहमा आबद्ध किसानले जङ्गलमा पाइने पिँडालु प्रजातिको बाँकोलाई गुन्द्रुक बनाएर बजारीकरण गर्न थालेको तीन वर्ष भयो ।
बाँकोले गाउँसहर जोडेको छ भने दुःख गर्नसक्ने किसानलाई आम्दानीसँग जोड्न थालेको छ । पहिलो वर्ष गाउँघरका लागि मात्रै गुन्द्रुक उत्पादन गरेकामा गत वर्ष जैमिनी नगरपालिकाले 'लेबलिङ' र 'प्याकेजिङ'को तालिम दिएपछि किसानले यस वर्षदेखि आफैँले लगानीबाट लेबलिङ र प्याकेजिङ गरेर बाँको बजारमा ल्याएका छन् ।
'किसानको उत्पादन व्यवसायिक रूपमा जारमा जाँदा त्यसको मूल्यलगायत धेरै कुरामा सहज हुन्छ, अघिल्लो वर्ष नगरले सहयोग गरेपछि अहिले किसानले आफ्नै लगानीमा बजार ल्याएका छन्', कृषि प्राविधिक रवीन्द्र शर्माले भने, 'बाँकोबाट राम्रो आम्दानी हुन्छ ।'
यहाँ उत्पादित बाँको स्थानीय बजारका साथै पोखरा, काठमाडौँलगायत सहरमा माग हुन थालेको उनले बताए ।
छन्त्याल कृषक समूहमा आबद्ध दमेकका एक सय ४३ किसानको सामूहिक प्रयासमा बाँकोको बजारीकरण थालिएको समूहका अध्यक्ष देवप्रकाश छन्त्यालले बताए ।
उनका अनुसार अन्य सागबाट भन्दा बाँकोको सागबाट बनेको गुन्द्रुक स्वादिलो र पोषिलो हुने भएकाले किसानले जङ्गली बाँकोको गुन्द्रुक बनाउँदै आएका हुन् । 'नजिकको जङ्गल वर्षमा दुई पटक १५÷१५ दिनका लागि मात्रै बाँको टिप्नका लागि खुल्छ, जसले धेरै टिप्नुहुन्छ उहाँले धेरै आम्दानी गर्नुहुन्छ', छन्त्यालले भने, 'समूहमा आबद्ध किसानले टिपेको बाँको समूहले नगदमा खरिद गरेर प्रशोधन, लेबलिङ, प्याकेजिङ गर्छन् र बजार पठाउँछन् ।'
उनका अनुसार विदेशमा रहेका नेपालीले समेत बाँकोको गुन्द्रुकको माग गर्ने गरेका छन् । उच्च पहाडी क्षेत्रमा गुन्द्रुक बनाउन प्रयोग गरिने जङ्गली वनस्पति बाँको अब व्यावसायिक किसानको रोजाइमा पर्न थालेको छन्त्यालले बताए । सहरिया भान्छामा बाँकोको गुन्द्रुक पाक्न थालेको उनको भनाइ थियो ।
'दमेकका झन्डै पाँच सय घरमा बाँको भित्रिने गरे पनि कसैले व्यावसायिक बनाएका थिएनन् । यस वर्ष पाँच सय किलो बाँको बजार पठाउने समूहको योजना छ', अध्यक्ष छन्त्यालले भने, 'समूहले एक सय ग्रामका प्याकेट तयार गरेको छ ।' एक प्याकेटको मूल्य तीन सय रुपैयाँ कायम गरिएको उनले जानकारी दिए । गत वर्षभन्दा प्रति एक सय ग्राममा ५० रुपैयाँ मूल्य कम गरिएको उनले बताए ।
'जेठ÷असारमा जङ्गलभरि पाइने बाँको असोजसम्म घरभित्र ल्याइसक्नुपर्छ । असोजसम्म टिप्न नभ्याइएमा बाँको यत्तिकै हराएर जान्छ । सावधानीपूर्वक नटिप्ने हो भने बाँकोको काँचो पातले शरीर चिलाउने समस्या हुन्छ', छन्त्यालले भने, 'यहाँका किसानले बाँकोका पात र काण्ड टिपेर परम्परागत शैलीबाट थिचेर एक महिनासम्म प्लास्टिकको ड्रममा राखेपछि मात्रै बाँकोको गुन्द्रुक तयार हुन्छ ।'

# यू–१९ एसीसी प्रिमियर कपका नेपाली टोली घोषणा



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल क्रिकेट संघ क्यानले मलेसियामा हुन लागेको यू–१९ एसीसी प्रिमियर कपका लागि टिमको घोषणा गरेको छ । क्यानले बुधबार देव खनालको कप्तानीमा टिमको घोषणा गरेको हो ।
क्यानले ४ वैकल्पिक खेलाडीसहित १६ सदस्यीय टोलीको घोषणा गरेको हो । नेपालले समुह 'ए'मा रहेर बहराइन, साउदी अरेबीया र इरानसँग खेल्नेछ । प्रतियोगिताको शीर्ष ३ टोलीले आगामी डिसेम्बरमा हुने यू–१९ एसिया कप खेल्न पाउनेछ । नेपालको टोलीमा देव खनाल(कप्तान), आकाश त्रिपाठी, अर्जुन कुमाल, दीपक बोहरा, दीपक बोहरा, उत्तम थापामगर, दीपक डुम्रे, दीपेश कंडेल, हेमन्त धामी, दुर्गेश गुप्ता, आकाश चन्द, सुवास भण्डारी, विशाल केसी र मिलन बोहरा रहेका छन् । त्यसैगरि वैकल्पिक खेलाडीहरुमा प्रज्वल थापा, विपिन रावल, निर्मल गुरुङ र राजेश यादव रहेका छन् ।

# लोसपाको पदाधिकारी बैठकमा पदाधिकारीबारे प्रश्न उठ्यो



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
लामो समयपछि लोकतान्त्रिक समाजवादी पार्टी नेपालले पुर्णता पाएपछि पहिलो पटक पदाधिकारी बैठक बसेको छ ।
मंगलबारदेखि सुरु भएको पदाधिकारी बैठक बुधबार पनि चलेको छ ।यस पदाधिकारी बैठकमा संगठन निर्माण, समसामयिक राजनीतिक अवस्था लगायतको एजेण्डामाथि पदाधिकारी नेताहरुले आ–आफ्नो धारणा राखेका छन् ।लोसपा नेपालले लामो समयपछि अध्यक्ष महन्थ ठाकुरले कार्यसमितिलाई पुर्णता दिएपछि पहिलो पटक पदाधिकारी बैठक बसेको हो ।यस बैठकमा ६४ जना पदाधिकारीले आ–आफ्नो धारणा राख्ने छन् । भने बैठकमा शीर्ष नेताहरुले पदाधिकारीसहितका नेताहरुलाई व्यवस्थापन गर्न पदाधिकारी संख्या ठूलो बनाइएको र यसलाई महाधिवेशनमार्फत छोटो छरितो बनाउँदै थप व्यवस्थित बनाइने भन्ने कुरा समेत बैठकमा उठेको लोसपाका एक नेताले जानकारी दिए ।
यस बैठकमा महाधिवेशन अघि विधान अधिवेशन हुनुपर्ने, विधान अधिवेशनबाट संगठनको संरचना निर्माण गर्ने र सोही अनुसार महाधिवेशनबाट समिति बनाउनुपर्ने लोसपा नेपालका वरिष्ठ नेता शरतसिंह भण्डारीले बताए ।
पदाधिकारी बैठकमा नेताहरुले लोसपा कमजोर हुनुको कारणबारेमा समीक्षा हुनुपर्ने धारणासमेत राखेका छन् ।
पदाधिकारी बैठकमा लोसपाका प्रवक्ता अभास लाभले पार्टीलाई नयाँढंगले गति दिनुपर्ने बताएका छन् । उनले महाधिवेशन अघि पार्टीलाई व्यवस्थित र चलायमान बनाउनका लागि नेतृत्वलाई सुझाएका छन् ।

# कैदीलाई जेल बाहिरै बस्ने सुविधा आउँदै



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सरकारले चालचलन राम्रो भएका कैदीलाई जेल बाहिर बस्न दिने कानुनी व्यवस्था कार्यान्वयनमा ल्याउने भएको छ । फौजदारी कसुर सजाय निर्धारण तथा कार्यान्वयन ऐन २०७४ मा एक वर्षभन्दा बढी कैद सजाय पाई कैद सजायको दुई तिहाईभन्दा बढी अवधि भुक्तान गरिसकेको र राम्रो आचरण भएको कसुदारलाई प्यारोलमा राख्न सकिने व्यवस्था छ ।
तर ऐन लागू भए पनि प्यारोल सम्बन्धी व्यवस्था कार्यान्वयनमा गएको थिएन । मन्त्रिपरिषद्को मंगलबार बसेको बैठकले ऐनको दफा १७ को (च), दफा २९ र दफा ४९ मा रहेको प्यारोलसम्बन्धी व्यवस्था कात्तिक १ गतेदेखि कार्यान्वयनमा ल्याउने निर्णय गरेको हो ।
दफा १७ को खण्ड च मा कसुदारलाई प्यारेलमा छाड्न सकिने कि नसकिने खुलाउनुपर्ने उल्लेख छ । दफा २९ मा प्यारोलमा राख्न सकिने व्यवस्था छ । दफा २९ (१) मा भनिएको छ, 'एक वर्षभन्दा बढी कैद सजाय पाई कैद सजायका दुई तिहाईभन्दा बढी अवधि भुक्तान गरिसकेको र राम्रो आचरण भएको कसुदारलाई प्यारोल बोर्डको सिफारिसमा जिल्ला अदालतको न्यायाधीशले प्यारोलमा राख्ने आदेश दिनसक्नेछ ।' दफा ४९ मा यसका लागि प्यारोल अधिकृत तोक्ने सम्बन्धी व्यवस्था छ ।
मन्त्रिपरिषद्को बैठकले प्यारोल अधिकृतको नियुक्ति नभएसम्मका लागि सम्बन्धित कारागार प्रशासकलाई प्यारोल अधिकृत तोक्ने निर्णय पनि गरेको छ । यससँगै अब दुई तिहाई कैद सजाय भुक्तान गरेका र चालचलन राम्रो भएका कैदीलाई अदालतले जेल बाहिर स्वतन्त्र समाजमा बस्ने छुट दिन सक्नेछ ।

# चार दिवसीय आध्यात्मिक तथा कृषि भ्रमण सम्पन्न

**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
साइट नेपाल तथा नंदनी डेयरको संयुक्त तत्वावधानमा चार दिवसीय आध्यात्मिक तथा कृषि भ्रमण कार्यक्रम सम्पन्न भएको छ ।
साइट नेपालका अध्यक्ष अमित साहको नेतृत्वमा शनिबार ३७८ सीमांत किसानहरुको जत्था भारतको देवघर, बासुकीनाथमा पूजा अर्चना गर्दै फर्किने समय सिमारियामा स्नान गरेपछि मंगलबार किसानहरुको टिम मधुवनी जिल्लाको बसैठ चानपुरा स्थित कृषि विज्ञान केन्द्र पुगेका थिए । कृषि विज्ञान केन्द्रमा नेपालबाट पुगेका किसानहरुले कृषि फार्मको अबलोकन गरेका थिए । त्यसपछि कृषि विज्ञान केन्द्र बसैठ चानपुराका कृषि बैज्ञानिकहरुले नगदे बालीको खेती तथा यसको फाइदाको विषयमा



जानकारि दिएका थिए । कृषि वैज्ञानिकले मरूआ,कोदो,चीना,राम दाना,बाजरा लगायतको अन्नमा फाइबर तथा प्रोटीनको मात्रा बढि भएको र यस अन्नबाट डायबिटीज, ब्लड प्रेशर, थाइराइड जस्ता रोगीहरुर्लाई निकैनै फायदा पुरयाउने बताए ।
साइट नेपालका अध्यक्ष अमित कुमार साहले साइट नेपालको उद्देश्य, जैविक खेती,दुग्ध उत्पादन तथा मोटे अनाजको खेतीको बारेमा विषयमा बिचार राखेका थिए ।
अशोक कुमार चौधरीले नेपाल बाट पुगेका साइट नेपालका अध्यक्ष अमित शाह सहित किसानहरुलाई स्वागत गरेका थिए । ईश्वर चौधरी,पवन कुमार, साइट नेपालका सलाहकार मिश्रीलाल मधुकर, भारतीय जनता पार्टी मधुबनी जिल्ला मीडिया प्रभारी उमाशंकर प्रसादले आ आफनो विचार राखेका थिए ।

# मधेशको कार्यवाहक मुख्यमन्त्रीमा कृष्ण प्रसाद यादव



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव प्रदेश बाहिर गएपछि भौतिक पुर्वाधार विकास मन्त्री कृष्णप्रसाद यादवलाई कार्यवाहक मुख्यमन्त्री तोकिएको छ ।
मुख्यमन्त्री सरोजकुमार यादव काम विशेषले प्रदेश बाहिरबाट नफर्किञ्जलेसम्मका लागि कार्यवाहक मुख्यमन्त्रीमा कृष्णप्रसाद यादवलाई तोकिएको हो ।
मधेश प्रदेश सरकारको कार्यसम्पदान नियमावली, २०८० को नियम १४ को उपनियम ३ बमोजिम कार्यवाहक मुख्यमन्त्री तोकिएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ ।

# यादव माविका विद्यार्थीहरुलाई नि:शुल्क व्याग वितरण



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको हंसपुर नगरपालिकाका यादव माध्यमिक विद्यालयका विद्यार्थीहरुलाई निशुल्क स्कुल व्याग वितरण गरिएको छ ।
बुधबार नगरपालिकाको वाड नं ५ स्थित यादव माविका कक्षा ६ देखि कक्षा ९ का चार सय विद्यार्थीहरुलाई निशुल्क व्याग वितरण गरिएको हो । व्याग वितरण कार्यक्रममा नगरपालिकाका मेयर प्रदिप यादवले विद्यार्थीनै देशका भविष्य रहेकोले शिक्षकले सिकाएको शिक्षालाई ध्यान लगाएर पढ्नुपर्ने बताउदै शिक्षकले सिकाएको अनुसासनलाई पनि पालना गर्नका लागि विद्यार्थीहरुलाई आग्रह गरेका थिए । व्याग वितरण पछि पुस्तकालयको उदघाटन समेत गरिएको छ ।
विद्यालय व्यवस्थपन समितिका अध्यक्ष सुरेश यादवका अध्यक्षतामा भएको कार्यक्रममा उपमेयर रामवली मंडल,साइट नेपालका अध्यक्ष अमित शाह, बैद्यनाथ साह,संजीता देवी साह लगायतको उपस्थिती रहेको थियो ।

# साइट नेपालद्धारा हंसपुरलाई डिप फ्रिज उपहार



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
साइट नेपालले हंसपुर नगरपालिकालाई डिप फ्रिज उपहार प्रदान गरेको छ ।
बुधवार साइट नेपालका अध्यक्ष अमित साहले हंसपुर नगरपालिकाका मेयर प्रदिप कुमार यादवलाई डिप फ्रिज उपहार स्वरुप प्रदान गरेको हो । ग्रामीण क्षेत्रमा भ्याक्सीन स्टोर गर्नका लागि समस्या भइरहेको अवस्थामा डिप फ्रिजले समस्याबाट निजात दिलाउने उदेश्यले साईट नेपालको तर्फबाट हंसपुर नगरपालिकालाई डिप फ्रिज उपहार स्वरुप प्रदान गरिएको बताइएको छ । उपहार हस्तान्तरण कार्यक्रममा नगरपालिकाका प्रशासकीय अधिकृत सुबोध कुमार ठाकुर, वार्ड अध्यक्ष जय नारायण कापड़ी, राम भजन यादव, जसपा नेता रामचंद्र पंजियार लगायतको उपस्थिती रहेको थियो ।

# बाणिज्य दूत नितेश कुमारलाई भव्य विदाई



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
भारतीय बाणिज्य महादूतावास वीरगंजका बाणिज्य महादूत नितेश कुमारलाई जनकपुरधाममा विभिन्न संघ संस्थाहरुले भव्य स्वागत गरेको छ ।
जनकपुरधाम उद्योग बाणिज्य संघको सभाकक्षमा जनकपुरधाम उद्योग बाणिज्य संघका अध्यक्ष जितेंद्र महासेठको अध्यक्षतामा बाणिज्य दुत कुमारलाई भव्य स्वागत गरिएको हो ।
कार्यक्रममा पूर्व अध्यक्ष निर्मल चौधरी, बरिष्ठ उपाध्यक्ष मनीष रमण साह,उपाध्यक्ष अम्भु प्रसाद साह, महासचिव मनोज कुमार साह, सचिव फूलदेव पंडित लगायतको उपस्थिती रहेको थियो ।
त्यसैगरि मंगलवार जनकपुरधामको सीताशरण होटलमा मोदी विचार मंचका महासचिव मिश्रीलाल मधुकर,नेपाल गोविंद सेवा समिति वेलाका अध्यक्ष राघवेंद्र साह, कमला अभियानी बिक्रम यादव,साइट नेपालका अध्यक्ष अमित शाह,कैंसर रोग विशेषज्ञ होम्योपैथी चिकित्सक उपेन्द्र साह लगायतले समेत मिथिला को पाग,चादर र धार्मिक पुस्तक दिएर स्वागत गरेका थिए ।
त्यसैगरि जनक नंदिनी एफ.एम.का अध्यक्ष तथा मीडिया काउन्सिल मधेश प्रदेशका सदस्य अर्जुन मंडल, प्रा. रमेश कुमार साह,जसपा का नेता रामचंद्र पंजियार , पत्रकार श्री नारायण साह लगायतको उपस्थिती रहेको थियो । बाणिज्य महादूत नितेश कुमारलाई वीरगंजबाट नया दिल्ली विदेश मंत्रालयमा सरुवा गरिएको छ ।
उनको ठाउमा देवी सिंह मीणा बाणिज्य महादूत नियुक्त गरिएको छ ।

# लाखौँको पटाका बरामद



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषा प्रहरीले ग्रामीण क्षेत्रबाट लाखौँको पटाका बरामद गरेको छ । प्रहरीले मंगलबार मध्यान्ह जिल्लाको बिदेह नगरपालिका २ सलैता गाछि स्थितमा भारतबाट विभिन्न किसिमका १०२ ब्याण्डल पटाका ल्याउँदै गरेको अवस्थामा बरामद गरेको छ मोटरसाइकलमा पटाका ल्याउँदै गरेकोमा इलाका प्रहरी कार्यालय दुहवी धनुषाबाट खटेको गस्ति टोलीलाई देखेर पटाका फाली मानिस फरार भएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।बरामद गरिएको पटाका अन्दाजी १ लाख ९३ हजार २ सय बराबरको रहेको प्रहरीले जनाएका छन् ।

# यादवलाई खुकुरी हान्ने सापकोटा पुर्पक्षमा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवमाथि खुकुरी प्रहार गर्ने व्यक्तिलाई पुर्पक्षका लागि कारागार चलान गरिएको छ ।
काठमाडौँ जिल्ला अदालतले सोमबार ज्यान मार्ने उद्योगको अभियोग लागेका श्यामबाबु सापकोटालाई कारागार चलान गर्ने आदेश सुनाएको हो ।भदौ २० गते काठमाडौँको भृकुटी मण्डपस्थित रिपोर्टर्स क्लबमा आयोजित कार्यक्रममा सहभागी भएर बाहिरिने क्रममा यादवमाथि खुकुरी प्रहार भएको थियो । आक्रमणकारी सापकोटालाई प्रहरीले तत्कालै नियन्त्रणमा लिएको थियो ।
सापकोटाले राजसंस्था पक्षमा नाराबाजी गरेका थिए ।

# बाल कैदीबन्दी फरार प्रकरणमा छानबिन समिति



**मधेशदृष्टि**
**वीरगंज ।**
बाल सुधार गृहबाट फरार बाल कैदीबन्दी प्रकरणमा अनुसन्धान गर्न पर्सा प्रहरीले छानबिन समिति गठन गरेको छ । प्रहरी स्रोतका अनुसार प्रहरी नायब उपरीक्षक (डिएसपी) नेतृत्वमा तीन सदस्यीय छानविन समिति गठन गरेको हो ।
प्रहरी स्रोतका अनुसार डिएसपी ध्रुवबहादुर श्रेष्ठको नेतृत्वमा प्रहरी निरीक्षक रहने गरी तीन सदस्यीय छानबिन समिति गठन गरिएको हो ।
प्रहरी लापरबाहीले बाल कैदीबन्दी फरार भएको आलोचना हुन थालेपछि पर्सा प्रहरीले सत्यतथ्य छानबिनका लागि तीन सदस्यीय छानबिन समिति गठन गरेको स्रोतको भनाइ छ ।
छानबिन समितिलाई एक साताभित्र छानबिन गरी प्रतिवेदन बुझाउन जिम्मा दिइएको छ । उनीहरुलाई निर्देशन छ, 'कसको लापरबाहीले बाल कैदीबन्दीहरु फरार भएको हो ? त्यसको सत्यतथ्य छानविन गरी चाँडै प्रतिवेदन बुझाउनु होला ।'
शुक्रबार वीरगंजको बाल सुधार गृहबाट हाम्फालेर २ बाल कैदीबन्दी भारततर्फ फरार भएका थिए । प्रहरीले करिब ४८ घण्टाभित्रै पुनः उनीहरुलाई नियन्त्रणमा लिन सफल भएको थियो ।

# ७७ लाखको ट्रक र सामान नियन्त्रणमा

**मधेशदृष्टि**
**वीरगंज ।**
चाडवाडका बेला सीमा क्षेत्रबाट राजस्व छलेर सामान भित्र्याउने क्रम बढदै गएको छ । जिल्ला प्रहरी कार्यालय पर्साले बिलबिजक भन्दा बढी सामान लोड रहेको ट्रक नियन्त्रणमा लिएर राजस्व अनुसन्धान कार्यालय पथलैयामा बुझाएको छ ।
वीरगंजबाट नेपालगंज गइरहेको ना६ख ३३६९ नम्बरको मालबाहक ट्रक प्रहरीले मंगलबार राति वीरगंज महानगरपालिका वडा नम्बर–१५ ब्रहमचोकस्थित सडकखण्डबाट बिलबिजक भन्दा बढी सामान लोड गरेको अवस्था नियन्त्रणमा लिएको थियो ।





चेकजाँच गर्ने क्रममा बिलबिजक भन्दा बढीको मालसमान लोड रहेको तथा बिलबिजक शंकास्पद देखिएकाले आवश्यक अनुसन्धानका लागि राजश्व अनुसन्धान कार्यालय पथलैया, बारामा बुझाइएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवम् डिएसपी कुमार विक्रम थापाले जानकारी दिए ।
बरामद गरिएको ट्रकमा हार्डवेयर तथा खुद्रा सामानसहित अन्दाजी ७७ लाख ३६ हजार ५७ रुपैयाँबराबरको सामान रहेको प्रवक्ता थापाले बताए ।

## ८ हजार ६ सय ६० किलो गहुँ बरामद

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रहरीले ठूलो परिमाणमा अवैध गहुँसहित ट्याक्टर नियन्त्रणमा लिएको छ । जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरी टोलीले वीरगंज महानगरपालिका वडा नम्बर १९ केहुनिया तिलावे पुल नजिकैबाट ८ हजार ६ सय ६० किलोग्राम गहुँसहित ट्याक्टर नियन्त्रणमा लिएको हो ।
भारतबाट अवैध तरिकाले भन्सार छलेर नेपाल भित्रिएको गहुँ लोड गरिएको ट्याक्टर वीरगंज आइरहेको सूचनाका आधारमा प्रहरीले तिलावे पुलबाट ना१ख ९६४२ नम्बरको ट्याक्टर नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवम् डिएसपी कुमार विक्रम थापाले जानकारी दिए ।
ट्याक्टर नियन्त्रणमा लिने क्रममा चालक भने फरार भएका थिए । प्रहरीले चालकको खोजी गरेको छ । बरामद गरिएको गहुँ र ट्याक्टरको ७ लाख ३९ हजार ६८० रुपैयाँ मूल्याङ्कन गरी थप अनुसन्धान तथा कारबाहीको लागि वीरगंज भन्सार कार्यालयमा बुझाइएको डिएसपी थापाले बताए ।

## १२ लाख बराबरका सामान जफत

**मधेशदृष्टि**
**रौतहट ।**
प्रहरीले १२ लाख रुपैयाँबराबरको अवैध भारतीय सामान बरामद गरेको छ । जिल्लाको विभिन्न नाकाबाट भन्सार छलेर भित्रयाइएको १२ लाख मूल्य बराबरको सामान प्रहरीले बरामद गरेको हो । भन्सार छली गरेर चोर नाका हुँदै भित्र्याइएका भारतीय लत्ताकपडा, खाद्यान्न, कष्मेटिक, इलेक्ट्रोनिक, मदिरा सौफीसलायतका सामानसहित ल्याउन प्रयोग गरिएको एउटा टेम्पो, ३ मोटरसाइकल बरामद भएको जिल्ला प्रहरी प्रवक्ता डिएसपी दामोदर केसीले जानकारी दिए । विभिन्न नाकाबाट बरामद सामानको १२ लाख रुपैयाँ मूल्यांकनसहित आवश्यक कारबाहीका लागि मंगलबार जिल्ला भन्सार कार्यालय गौरमा बुझाइएको प्रहरी प्रवक्ता केसीले बताए । दशैं, तिहार र छठपर्व आउनै लागेको मौका छोपी तस्करीको छुट्टाछुट्टै समूहले भन्सार छली गरेर जिल्लाको विभिन्न नाका हुँदै सामान भित्र्याइरहेका छन् । सीमा क्षेत्रमा खटिएका नेपाल प्रहरी तथा सशस्त्र प्रहरीसँग तस्कर समूहले तालमेल मिलाई आर्थिक प्रलोभनमा पारेर अवैध रुपमा भारतीय कपडालगायतका सामान भित्र्याइरहेको प्रत्यक्षदर्शीहरुले बताए ।

# अढाइ महिनापछि खुल्दै नगर अस्पताल

**मधेशदृष्टि**
**बारा ।**
सिम्रौनगढ–७ स्थित सिम्रौनगढ नगर अस्पताल अढाइ महिनापछि खुल्ने भएको छ । साउन १ गतेदेखि बन्द रहेको नगर अस्पताल विहीबारदेखि सञ्चालनमा आउने भएको छ । करारका कर्मचारीले तलबको माग गर्दै बन्द अस्पताल आपसी सहमतिपछि खुल्ने भएको हो ।
अस्पताल बन्द हुँदा सेवाग्राहीलाई परेको मर्कालाई मध्यनजर गर्दै अस्पताल सञ्चालनको माग गर्दै बारा उद्योग वाणिज्य संघले तीनदिनभित्र अस्पताल पुनः सञ्चालनमा ल्याउन अल्टिमेटम दिएको थियो । अल्टिमेटमका आधारमा नगरपालिकाले अस्पताल सञ्चालनमा ल्याउने प्रतिवद्धता जनाएको हो । संघले तीन दिनभित्र अस्पताल सञ्चालनमा नल्याए नगरपालिकामा तालाबन्दी गर्ने भन्दै नगरप्रमुख किशोरी प्रसाद कलवारलाई ज्ञापनपत्र बुझाएको थियो ।
विहीबारदेखि अस्पताल खुल्ने भएसँगै अस्पताल परिसरको सरसफाइ सुरु भएको छ ।

# ठाकुररामको विज्ञान प्रयोगशाला सञ्चालनमा



**मधेशदृष्टि**
**वीरगंज ।**
ठाकुरराम बहुमुखी क्याम्पस विज्ञान प्रयोगशाला (केमेस्ट्री ल्याब) सञ्चालनमा आएको छ । लामो समयदेखि बिग्रिएको अवस्थामा रहेको 'केमेस्ट्री ल्याब' को मर्मतेपछि मंगलबारदेखि सञ्चलानमा आएको हो । क्वेस्ट फर्मास्युटिक्लस प्राइभेट लिमिटेडले करिब १३ लाख रुपैयाँको सहयोग गरेर विज्ञान प्रयोगशालाको मर्मत गराएपछि केमेस्ट्री ल्याब प्रयोगमा ल्याइएको हो ।
क्वेस्ट फर्मास्युटिक्लसले आफ्नो सामाजिक उत्तरदायित्व (सिएसआर) कार्यक्रम अन्तर्गत ठाकुरराम बहुमुखी क्याम्पसमा लगानी गरेको जनाएको छ । अनावरण कार्यक्रममा क्वेस्ट फर्मास्युटिक्लसका संजय जोशी, शाखा प्रबन्धक उमेश श्रेष्ठ, निमित्त क्याम्पस प्रमुख रञ्जित प्रसाद भगतसहितका सहभागिता थियो ।

# १९ हजार मेट्रिक टन चिनी लुकाएर कालोबजारी



**मधेशदृष्टि**
**वीरगंज ।**
बजारमा चिनी अभाव र मूल्यवृद्धि भइरहेका बेला नेपालका चिनी उद्योगसँग झण्डै १९ हजार मेट्रिक टन चिनी मौज्दात रहेको भेटिएको छ ।
वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले गरेको अध्ययनमा १ लाख ८८ हजार ५ सय १३ क्विन्टल चिनी भेटिएको विभाग स्रोतले दाबी गरेको छ । चिनी, कोकाकोला उत्पादन गर्ने बोटलर्स नेपाल, जुस तथा कन्फेक्सनरी उत्पादन गर्ने डाबर नेपाल, पेप्सी र स्लाइस उत्पादन गर्ने बरुण बेभरेज र बिस्कुट उत्पादन गर्ने उद्योगले किनेर राखेको जानकारी उद्योगहरुले दाबी गरेका छन् ।
बजारमा चिनीको चरम अभाव भएपछि उत्पादन र बजार अवस्थाबारे अध्ययन गर्न विभागले समिति गठन गरेको थियो । विभाग स्रोतका अनुसार एभेरेष्ट, इन्दुशंकर र हिमालय सुगर मिलसँग ठूलो परिमाणको चिनी फेला परेको हो । असार अन्तिम होलसेलमा ८० रुपैयाँ र खुद्रामा ९५ रुपैयाँ किलोमा कारोबार भइरहेको चिनीको मूल्य चाडपर्व सुरु भएसँगै ह्वात्तै बढाइएको थियो ।

# वडाअध्यक्षको लापरवाहीले मूल सडक साँघुरिँदै

**मधेशदृष्टि**
**रौतहट ।**
कटहरिया नगरपालिकाको वडा नम्बर ५ का अध्यक्षको लापरवाहीका कारण कटहरिया बजार क्षेत्रको बाटो साँघुरिँदै गएको छ ।
वडा अध्यक्ष सर्फलाल गुप्ता दैनिक विभिन्न बहाना बनाएर पन्छिने गरेका कारण कटहरिया बजारको मूल बाटो साँघुरिँदै गएको हो । कटहरिया नगरपालिकादेखि विवाह भवन अगाडिसम्म ५० फिट नक्साको फराकिलो बाटो छ । विवाह भवनदेखि उत्तर रामजानकी मठ र महेश्वर मास्केको घरदेखि बिर्ती प्रष्टोकासम्म ३६ देखि ४० फिटसम्म चौडाई बाटो पूर्व मेयर सियाराम कुशवाहाको पालामा खाली गराइएको थियो ।
सोहीअनुसार जमुनियादेखि कटहरिया बजारको उत्तर शिवशंकर साह तेली,



सत्यनारायण साह सोनारको घरसम्म बाटो निर्माण गरिएको छ । त्यसैगरी बजारमा पनि अन्य बाटो निर्माण गरिएको कटहरिया–५ का समाजसेवी दीनानाथ साह कलवारले बता ।
बजार अन्तर्गतको शिवशंकर साह, सत्यनारायण साहको घरदेखि पश्चिम बजारमा जाने मूल बाटोमा जोड्ने सडकमा ठेकेदार आश्रय निर्माण सेवाले मात्र २१ फिट ढलान गर्ने तरखरमा काम सुरु गरेपछि स्थानीयले विवाद सुरु गरेका छन् ।
पछिल्लो तीन दिनदेखि ढलान गर्न बाटोमा ग्रेभल राखिए पनि कति फिट चौडाई ढलान गर्ने निर्णय नहुँदा निर्माण अवरुद्ध भएको छ । 'बाटो फराकिलो गर्न कटहरिया बजारको मूल सडकको घर भत्किने, गाउँको दर्जनौँ घर भत्काउँदा हुने तर मात्र केही घरको विषयमा वडा अध्यक्ष गुप्ता किन मौन भएका छन् तथा दैनिक बहाना बनाएर पन्छिरहेको छन्,' स्थानीयले प्रश्न गरेका छन् ।
वडा अध्यक्ष गुप्ताले केही घरधनीलाई राजनीतिक संरक्षण गरेका कारण मापदण्डअनुसार नभएर मूल बाटो साँघुरो हुन थालेको बजारबासीले आलोचना गरेका छन् । ३६ देखि ४० फिट चौडाई बाटो ढलान गर्न सहरी विकास कार्यालय वीरगंजसँग सम्झौता भएको छ । तर जनप्रतिनिधिको लापरवाहीले विकास प्रभावित भइरहेको छ । आश्रय निर्माण सेवाका प्रतिनिधि रामापुकार साहले मापदण्डअनुसारको बाटो खाली गराएर दिए ढलान गर्न तयार रहेको बताए । कटहरिया–५ का वडा अध्यक्ष गुप्ताले विहीबार पूर्व मेयर सियाराम कुशवाहालाई बोलाएको र उनकै रोहवरमा बाटोको समस्या समाधानको पहल गरिने बताए ।
उल्लेखनीय छ, कटहरिया–५ का वडा अध्यक्ष गुप्ताले बजार छेउको आफ्नो घरको चौतर्फी बाटो चेपेर भाडा लिरहेको कारण सार्वजनिक बाटोप्रति चासो लिनुको सट्टा पार्टी कार्यकर्ताको र समुदायको मानिस भनेर काखापाखा गरिरहेको स्थानीयको गुनासो छ ।

# बागमतीको अधुरो पुल निर्माण गर्न मन्त्रीलाई ज्ञापनपत्र



**सञ्जय मिश्रा**
**रौतहट ।**
हुलाकी राजमार्ग अन्तर्गत रौतहटको दुर्गा भगवती गाउँपालिका ५ बडहर्वा स्थित बागमती नदीको अधुरो पुल तत्काल निर्माण गर्न मन्त्रीलाई ज्ञापनपत्र बुझाइएको छ ।
वर्षौंदेखि अलपत्र पुल निर्माणकार्य तत्काल सम्पन्न गराउन स्थानीयले सदरमुकाम गौरमा विरोध प्रदर्शन गर्दै जिल्ला प्रशासनमार्फत भौतिक पूर्वाधार विकासमन्त्रीलाई ज्ञापन बुझाएका हुन् । १३ वर्षअघि तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालले शिलान्यास गरेको हुलाकी राजमार्ग अन्तर्गत दुर्गा भगवती ५ बडहर्वा गाउँ छेउको बागमती नदीको पुल हालसम्म अलपत्र छ ।
समयमा पुल निर्माण नहुँदा स्थानीय निकै कष्टकर जीवन बिताउदै आएका छन् ।
पटकपटक नेतादेखि मन्त्री, पूर्व प्रधानमन्त्रीलाई समेत आग्रह गर्दा पनि पुल निर्माणको काम पूरा नहुँदा बाध्य भएर बडहर्वाबासी पुल बनाउन सडक आन्दोलनमा ओर्लिएका हुन् । रौतहट क्षेत्र नम्बर १ का संघीय सांसद तथा नेकपा एसका अध्यक्ष माधवकुमार नेपाल र प्रदेश सांसद नागेन्द्र साहविरुद्ध प्लेकार्डसहित नाराबाजी गर्दै जिल्ला प्रशासनमार्फत संघीय भौतिक पूर्वाधार विकास मन्त्रीलाई बुधबार ज्ञापन पत्र बुझाएका छन् । दुर्गा भगवती–५ का वडाध्यक्ष धर्मनाथ जयसवालको नेतृत्वमा स्थानीयले अविलम्ब पुल निर्माणको वातावरण बनाउन सरकारसँग माग गरे ।
गतवर्ष पप्पु निर्माण सेवालाई कालोसूचीमा पार्दै पुरानो टेण्डर खारेज भएको थियो । नयाँ टेण्डरको आह्वानमा वाइपी महालक्ष्मी विकास जेभीले पुन पुल निर्माणको ठेक्का सकार गरेको थियो । ठेक्का साकार गरेका कम्पनीले निर्माण कार्य गर्न कबोल गरे पनि निर्माण गर्न हालसम्म आनाकानी गरिरहेका कारण बाध्य भएर आन्दोलनमा उत्रनुपरेको वडाअध्यक्ष जयसवालले बताए । पुलको निर्माण कार्य तत्काल सुरु नभए चरणबद्ध कडा आन्दोलन उनले जानकारी दिए । उनीहरूले जिल्ला प्रशासन कार्यालय गौरका शाखा अधिकृत प्रशान्त बर्मामार्फत ज्ञापन पत्र बुझाएका थिए ।

# चमारमाथि जातीय विभेद भन्दै उजुरी



**मधेशदृष्टि**
**सर्लाही ।**
गोडैता नगरपालिका–११ सिसौटियाका ३३ वर्षीय रामवरण महरा चमारलाई जातीय विभेद गरेको आरोपमा सोही वडाका ४४ वर्षीय दिलीप कुमार यादवविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यलय मलंगवामा उजुरी दिएका छन् ।
यादवले जातीय विभेद तथा छुवाछुत र कुटपिट समेत गरेको भन्दै पीडितले आरोपितविरुद्ध उजुरी दिएका हुन् । गोडैता नगरपालिका–८ स्थित बजारदेखि दक्षिणतर्फ रहेको नहरमा कपडा धोइरहेको बखत मोटरसाइकल सफा गर्न आएका आरोपितले 'तँ पानीबाट बाहिर आइज, तँ चमार, तँ दलित' भनी जातीय विभेद तथा छुवाछुत जस्ता अमानवीय व्यवहार गर्नुका साथै कुटपिटसमेत गरेको पीडितको आरोप छ । तर, आरोपितका ६७ वर्षीय बुबा चन्देश्वरले आरोपितले पीडितलाई 'मैले पानी लिएपछि तिमी कपडा धुनु' मात्र भनेको र कुटपिट पनि नगरेको बताए ।
पीडितको घाउजाँच सर्लाही जिल्ला अस्पताल मलंगवामा भएको डा. नवलकिशोर झाले जानकारी दिए । घटना पश्चात आरोपित फरार रहेकाले खोजतलास तथा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मलंगवाका डिएसपी दिपेन्द्र पंजियार थारुले जानकारी दिए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन